गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को त्रैमासिक प्रकाशन

# ग्लोबल नेपाली

NRNA
Non-Resident Nepali Association
For Nepali By Nepali

Issue 16, Nov- Jan - 2014
अंक १६, मंसीर-माघ, २०७०



*छैटौं विश्व सम्मेलनबाट निर्वाचित कार्यसमिति सपथ लिँदै ।*

आवरण

## प्रतिवद्धतालाई

# सार्थक बनाउने बेला

गैरआवासीय नेपाली संघ स्थापनाको १० वर्ष पूरा गर्दा औपचारिक रूपले नेपाल सरकारसमक्ष दर्ता भएको छ । योसँगै गैरआवासीय नेपाली सम्बन्धी ऐन र नियमावली यसअघि नै आएको परिप्रेक्षमा विदेशमा बस्ने नेपालीहरूले पहिचानका लागि उठाउँदै आएका मुद्दाहरूमा एक तहको सरकारी प्रतिवद्धता पूरा भएको छ। नेपाली नागरिकता निरन्तरताको विषयमा समेत सबै दल सहमत भइसकेकाले आगामी संविधानमा त्यसले अन्तिम रूप पाउने अपेक्षा गरिएको छ ।

त्यसैले अब मातृभूमिको उन्नतिमा देखिने र गैरआवासीय नेपालीको सहयोगी हुने खालको योगदानका लागि आफूहरू जुट्ने बेला आएको संघका अग्रजहरूले बताउन थाल्नुभएको छ। नयाँ कार्यसमिति चयन भएलगत्तै अध्यक्ष शेष घलेले नेपालमा सामूहिक लगानी प्रबर्द्धनका लागि प्रतिवद्धता जनाउनुभएको छ । नेपालमा पाँचतारे होटल खोल्नका लागि सामूहिक लगानी जुटाउने निर्णय पनि नयाँ कार्यसमितिले गरिसकेको छ । मातृभूमिप्रतिको जिम्मेवारी र संस्थागत सुदृढीकरणको दायित्व बुझेर नै संघको नयाँ कार्यसमितिले १० वर्षको समीक्षा सहित नयाँ कार्ययोजना तय गरेको छ *(हे. बक्स)* । साथै संघलाई अझ सबल बनाउन काठमाडौंमा आफ्नो छुट्टै कार्यालय भवन निर्माणको प्रक्रिया पनि अघि बढाइएको छ *(हे. बक्स, पृ. ७)*

१० वर्षको अवधिमा संघको औपचारिक सञ्जाल ६६ देशमा पुगिसकेकाले मुलुकले सामूहिक रूपमा पनि ठूलो अपेक्षा गर्न थालेको नयाँ नेतृत्वले बुझेको छ । "एनआरएनहरू बढी उत्साही नभई वास्ताविकताको धरातलमा रहेर बोल्न जरूरी छ", अध्यक्ष घले भन्नुहुन्छ, "बोलेको पूरा गर्ने परिपाटी विकास गर्‍यौं भने समाजमा हामीप्रतिको विश्वास झनै बढ्नेछ *(हे. अन्तर्वार्ता)* ।"

संघको सञ्जाल विस्तार, दर्ता जस्ता प्राविधिक कुराहरू अघिल्लो चरणमा धेरै अघि बढिसकेकाले पनि अब गैरआवासीय नेपालीहरूप्रति समाजको अपेक्षा बढी हुने निवर्तमान अध्यक्ष जीवा लामिछानेको विचार छ *(हे. लेख)* । "देशका लागि गर्न सकिने भनेको पहिलो त लगानी नै भयो", उहाँ भन्नुहुन्छ, "दोस्रो हामीले गर्दै आएको सामाजिक क्षेत्रको योगदानलाई अझै बढाउनुपर्छ ।" गैरआवासीय नेपाली संघ संस्थाले बनाउने प्लेटफर्ममा एनआरएनहरूले व्यक्तिगत रूपमा लगानी बढाउँदै लैजानुपर्ने उहाँको भनाइ छ । राज्यबाट एनआरएनले गरेका अपेक्षाहरू धेरै हदसम्म पूरा भइसकेकाले अब जिम्मेवारी निभाउने पालो एनआरएनहरूकै रहेको उहाँ बताउनुहुन्छ ।

गैरआवासीय नेपालीहरूले आर्थिक कूटनीतिको क्षेत्रमा लविङ गर्दै आएकोमा अब सरकारले समेत विभिन्न संयन्त्रहरूमा प्रतिनिधित्व सुनिश्चित गराएर साझेदारकै रूपमा अघि बढ्न चाहेको जनाएको छ। दर्ता लगायतका कानूनी प्रक्रिया पूरा गरेकाले अब मुलुकको समृद्धिको एक प्रमुख सहयोगी विदेशमा बस्ने नेपालीहरू हुनेमा

## यस अंकमा

- आवरण: ..... १-४
- विशेष अन्तर्वार्ता: ..... ५
- विचार: ..... ६
- आइसीसी समाचार: ..... ७
- रिपोर्ट/लगानी: ..... ८
- वैदेशिक रोजगार/ परोपकार: ..... ९
- एनसीसी समाचार: ..... १०
- गतिविधि: ..... ११
- फोटो फिचर: ..... १२



*संघको दर्ता प्रमाणपत्र हस्तान्तरण गर्दै परराष्ट्रमन्त्री माधव घिमिरे ।*

आफू आशावादी रहेको परराष्ट्रमन्त्री माधव घिमिरे बताउनुहुन्छ *(हे. बक्स)*। "संस्था दर्ताको कानूनी प्रक्रिया पार गरिसकेपछि आगामी दिनमा संघले अझ नयाँ उत्साह, उमङ्ग र आपसी सद्भावका साथ नेपालको सर्वाङ्गीण विकासमा सार्थक योगदान गर्नेछ भन्नेमा मैले आशा गरेको छु", उहाँको भनाइ छ ।

गैरआवासीय नेपालीहरूले १० वर्षको अवधिमा ३५ अर्ब रूपैयाँ बराबरको लगानी तथा १ अर्ब बराबरको परोपकारी कार्य गरिसकेका छन् । परोपकारी कार्यलाई जति विस्तार गर्न सक्यो उति नै समाजमा विषेश पहिचान स्थापित हुने अभियन्ताहरूको ठम्याइ छ । मातृभूमिप्रतिको ऋण तिर्न पनि परोपरकारी गतिविधिलाई अघि बढाउनुपर्ने जानकारहरू बताउनुहुन्छ । गैरआवासीय नेपालीहरू विदेशमा स्थापित हुने क्रम पनि बढ्दै गएकाले सामाजिक क्षेत्रमा हुने योगदानले नयाँ रूप पाउने अपेक्षा नेपाली समाजले गरेको छ । गैरआवासीय नेपालीहरूका माग पूरा गर्ने सन्दर्भमा राज्यले समेत अपेक्षा राखेको छ ।

स्वदेशमा लगानी अभिवृद्धिमा तदारूकता देखाएसँगै विदेश पुगेका नेपालीको सुरक्षामा पनि संघको गम्भीर चासो छ । कामदारको रूपमा खाडी, मलेशिया लगायत विभिन्न मुलुकमा पुगेर समस्यामा परेका नेपालीहरूको उद्धारका लागि संघले राहत कोष स्थापनाको घोषणा गरिसकेको छ *(हे. बक्स, पृ. ९)* ।

भारत तथा चीनका गैरआवासीयहरूले आफ्नो मातृभूमिको विकासमा गरेको योगदानबाट प्रभावित भएर आफूहरूले गैरआवासीय नेपाली संघको माग बमोजिम नागरिकता निरन्तरताको विषयमा सहमति गरेको अघिल्लो संविधानसभाका अध्यक्ष सुवास नेम्वाङ बताउनुहुन्छ *(हे. बक्स)*। एक पटकको नेपाली सधैंभरि नेपाली रहन चाहनु मुलुकको समृद्धिका लागि पनि फलदायी रहने उहाँको विश्वास छ । नयाँ संविधानसभाले अघिल्लो पटकको सहमतिको अपनत्व लिंदै नागरिकता निरन्तरता विषयमा संवैधानिक प्रावधान गरेपछि मुलुकको विकासमा सबै एकजुट हुनुपर्ने उहाँको भनाइ छ ।

गैरआवासीय नेपालीहरूले जति धेरै क्षेत्रमा लगानी विस्तार गरे मुलुकका लागि उति नै बढी उपलब्धि प्राप्त हुने अर्थविद्हरूको भनाइ छ । गैरआवासीय नेपालीहरूले संलग्नता जनाएको क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न सजिलो हुने उहाँहरू बताउनुहुन्छ । पूर्व अर्थसचिव रामेश्वर खनाल ठूलो लगानी भन्दा पनि नेपालीहरूले विदेशमा सिकेको सीप र प्रविधि मुलुकका लागि अझै अपरिहार्य रहेको बताउनुहुन्छ *(हे. बक्स)*। "नेपालको आर्थिक समृद्धिका मुख्य आधारहरू पर्यटन, कृषि, जडिबुटी, वन, खानी सम्पदा लगायतका क्षेत्रको यथोचित विकासका लागि गैरआवासीय नेपालीहरूको सीप र प्रविधि महत्वपूर्ण आवश्यकता हो", उहाँ भन्नुहुन्छ, "त्यसैले ठूलो मात्रामा पैसा नै लिएर आउनु भन्दा पनि ▸

## तयार भयो दुई वर्षे कार्ययोजना

**गैरआवासीय** नेपाली अभियानले १० औं बर्ष पुरा गरिसकेको सन्दर्भमा गैरआवासीय नेपाली संघले आफ्नो कार्यशैलीमा पनि परिवर्तन गरेको छ । नयाँ नेतृत्व चयन भएसँगै गैरआवासीय नेपाली संघले एक दशकको समिक्षा गर्दै आगामी दुई बर्षे कार्यकालका स्पष्ट कार्ययोजना तय गरेको हो ।

संस्थाको इतिहासमा पहिलोपटक विगतको संगठनात्मक संरचना, कार्यशैली र उपलब्धीबारे समिक्षा गर्दै संघलाई परिणाममुखी बनाउन समयतालिकासहित कार्ययोजना तय गरिएको छ । पुस २६ गते सम्पन्न संघको ४० औं बैठकमा अध्यक्ष शेष घलेले आगामी कार्य दिशाबारे बिस्तृत कार्ययोजना पेश गर्नुभएको थियो । संस्थाभित्रका बिभिन्न कार्यदलको समिक्षा एवं भावी रणनीति तय गर्न गठित पुनरावलोकन समितिले तयार पारेको प्रतिबेदन अध्यक्ष घलेले बैठकमा पेश गर्नुभएको थियो । बैठकले प्रतिबेदन र त्यसमा संलग्न आगामी दुई बर्षको कार्ययोजना अनुमोदन गरेको हो । जसअनुसार केही टास्कफोर्सलाई स्थायी प्रकारका समितिमा रूपान्तरण गरिएको छ भने नयाँ परियोजनाहरू सम्पन्न गर्न समितिहरू गठन गरिएको छ ।

संघका निर्धारित लक्ष्य प्राप्तिका लागि बैठकले जिम्मेवार निकाय र समयसीमा समेत तोकेको छ । यसैगरि, नेपाली नागरिकताको निरन्तरताका लागि लविङ गर्ने, बैदेशिक रोजगार परोपकारी कोषलाई प्रभावकारी कार्यन्वयन गर्ने, नेपालको बृहत्तर समूदायको हितलाई ध्यानमा राख्दै परोपकारी कार्यलाई तिब्रता दिने, एनआरएन सदस्यता अभियानलाई तिब्रता दिंदै बलियो गैरआवासीय नेपाली संजाल निर्माण गर्ने लगायतका कार्ययोजना संघले तय गरेको छ ।

नेपालमा प्रत्यक्ष बैदेशिक लगानी र गैरआवासीय नेपालीको लगानी भित्राउन लगानी परियोजनाहरूलाई प्रर्बद्धन गर्दै सन् २०१५ को मध्यसम्ममा एनआरएनको लगानीलाई गुणात्मकरूपले बृद्धि गर्ने कार्ययोजना तय गरिएको छ । "हाम्रा मूल उदेश्य र लक्ष्यहरूलाई अझ बढि जोड दिनका लागि काम गर्ने शैलीमा समय सान्दर्भकि परिवर्तन गर्न खोजेको हुँ" नयाँ कार्ययोजनाबारे एनआरएन अध्यक्ष शेष घलेले भन्नुभयो ।

## 'सरकारले साझेदार रूप एनआरएनलाई हेरेको छ'



**माधव घिमिरे**
परराष्ट्र मन्त्री

**गैरआवासीय** नेपालीहरूको बहुआयामिक छविले 'जननि जन्मभूमिश्च स्वर्गादपि गरियसी' भन्ने प्रेरक अनुच्छेदलाई सदैव आत्मसात गरिरहेको मैले महशूस गरेको छु । विश्वको जुनसुकै मुलुकमा भए पनि मातृभूमिको माया र अपनत्वप्रति विदेशमा बस्ने नेपालीहरूको अगाध आस्था र स्नेह छ । यो तथ्य अन्तर्राष्ट्रिय दुनियाँमा नेपाल र नेपालीको पहिचान स्थापित गर्न गैरआवासीय नेपालीहरू चलाएको एक अविछिन्न अभियानबाट पुष्टि हुन्छ ।

नेपाली संस्कृति, पर्यटन र नेपाली उत्पादनलाई विश्वमाझ पुऱ्याउन एनआरएनहरूको सक्रिय योगदान रहेको छ । रेमिट्यान्स र लगानी मार्फत मुलुकको सामाजिक र आर्थिक विकासमा एनआरएनहरूले दिएको देन सदैव स्मरणीय रहनेछ । यही वास्तविकतालाई आत्मसात गरेर सरकारले आवासीय नेपाली सम्बन्धी ऐन २०६४ र गैरआवासीय नेपाली सम्बन्धी नियमावली २०६६ बमोजिम गैरआवासीय नेपाली संघलाई औपचारिक रूपले दर्ता गर्दै कानूनी मान्यता प्रदान गरेको हो ।

नेपाल सरकारले गैरआवासीय नेपालीहरूको ज्ञान, सीप र प्रविधिको अधिकतम प्रयोग गरी मुलुकको समग्र विकासमा योगदान पुगोस भनेर विभिन्न निर्णयहरू लिंदै आएको छ । सरकारले ऐन तथा नियमावली ल्याएर गैरआवासीय नेपाली सम्बन्धी नीतिलाई व्यवस्थित मात्र गरेको छैन, विभिन्न सेवा तथा सुविधा पनि दिंदै आएको छ ।

गैरआवासीय नेपाली संघको विश्व सम्मेलनमा हरेक पटक नेपाल सरकार सहआयोजक रहनुले पनि बलियो आपसी सम्बन्धलाई पुष्टि गर्छ । परराष्ट्र मन्त्रीले अध्यक्षता गर्ने आर्थिक कूटनीति सम्बन्धी संयन्त्र र फोकल पोइन्टमा पनि गैरआवासीय नेपालीको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । साथै विदेशस्थित कूटनीतिक नियोगका प्रमुखहरूको संयोजकत्व र गैरआवासीय नेपालीहरूको प्रतिनिधित्व रहेको आर्थिक कूटनीति सम्बन्धी स्थायी संयन्त्र बनाउन निर्णय पनि नेपाल सरकारले केही समय अगाडि गरेको छ ।

त्यसैले आगामी दिनमा गैरआवासीय नेपाली संघ लविङ गर्ने मात्र होइन, आर्थिक कूटनीति कार्यान्वयन गराउने सरकारको साझेदारकै रूपमा रहने छ । सरकारले गैरआवासीय नेपालीहरूलाई आर्थिक कूटनीतिको दरिलो खेलाडीको रूपमा विकास भएको हेर्न चाहेको छ ।

संस्था दर्ताको कानूनी प्रक्रिया पार गरिसकेपछि आगामी दिनमा संघले अझ नयाँ उत्साह, उमङ्ग र आपसी सद्भावका साथ नेपालको सर्वाङ्गिण विकासमा सार्थक योगदान गर्नेछ र नेपाल सरकार र गैरआवासयी नेपालीहरू बीचको सम्बन्ध आगामी दिनमा अझ सशक्त, घनिष्ट र प्रगाढ बन्नेछ भन्नेमा म विश्वस्त छु ।

उहाँहरूको संलग्नता नेपालमा बढ्यो भने यसले प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न सजिलो हुन्छ ।" विभिन्न मुलुकमा सँगै बस्ने या कारोबार गर्ने नेपालीले नयाँ गन्तव्य भन्दै नेपालमा लगानी गर्न अग्रसर हुँदा विदेशी पनि लोभिने उहाँको ठम्याइ छ । त्यसैले सानै लगानी भए पनि सक्रियता बढाउने उपाय खोजी गर्नुपर्ने उहाँ बताउनुहुन्छ ।

संघका अध्यक्ष घले आफूहरूले समाजको अपेक्षा बुझेकाले निर्णय गरिएका विषय कार्यान्वयनमा विलम्ब नगर्ने पक्षमा हुनुहुन्छ । सामूहिक लगानीका परियोजनामा पनि तत्काल जो-जो संलग्न भए पनि शुरू गरिहाल्ने र पछि थपिन चाहनेलाई सहभागी गराउँदै जाने उहाँको योजना छ । संघका महासचिव कुमार पन्त पनि अब केही गर्ने बेला आएकोमा आफूहरू प्रष्ट रहेको बताउनुहुन्छ । विदेशमा बस्ने नेपालीहरूलाई एकजुट गराउने, नेपालभित्र र बाहिर उनीहरूको हित प्रवर्द्धन गर्दै मातृभूमिका लागि योगदान गर्न परिचालन गर्ने संघको मुख्य उद्देश्यलाई पूर्ण रूपमा व्यवहारमा उतार्न अबको ध्यान केन्द्रित गर्ने संघका महासचिव उहाँको भनाइ छ *(हे. बक्स)* । साथै संघले संस्थागत सुदृढीकरणलाई पनि विषेश महत्व दिने भएको छ । खाडी तथा मलेशियामा काम गर्न गएका नेपालीहरूलाई विपत्तिमा उद्धार गर्न कोष स्थापना गर्ने निर्णय नयाँ कार्यसमितिले गरिसकेको छ भने आगामी दुई वर्षभित्रै संघको आफ्नै भवन निर्माण सम्पन्न गर्ने योजना बनाइएको छ । श्रमिकको रूपमा विदेशी भूमिमा काम गर्न गएका नेपालीहरूको हित प्रवर्द्धन गर्नेबारे यसअघि पनि विभिन्न प्रयत्नहरू जारी थिए ।

## 'एनआरएनको नागरिकतामा सहमति भइसकेको हो'



**सुवासचन्द्र नेम्वाङ**
पूर्व अध्यक्ष
संविधानसभा

**गत** संविधानसभाले गैरआवासीय नेपालीहरूलाई राजनीतिक अधिकार बिनाको नागरिकता प्रदान गर्ने सहमति गरिसकेको छ । विगतमा भएका महत्वपूर्ण सहमतिमध्येको एक यो पनि हो । विगत संविधानसभाका सहमतिको स्वामित्व ग्रहण गर्नेबारे दलहरूबीच आपसमा सहमत समेत भइसकेका छन् । नवगठित संविधानसभाले यो सहमतिको स्वामित्व ग्रहण गर्दै विदेशमा बस्ने नेपालीहरूले लामो समयदेखि उठाउँदै आएको मागलाई संविधानमै सम्बोधन गर्नुपर्छ भन्ने मेरो भनाइ छ ।

विदेशमा अध्ययन वा अन्य कुनै उद्देश्यले गएर कारणवश त्यहाँको नागरिकता लिएका नेपालीहरूले आफ्नो मातृभूमिको नागरिकता त्याग्न नचाहनु अस्वाभाविक होइन । त्यसैले उनीहरूलाई आर्थिक, सांस्कृतिक, सामाजिक तथा धार्मिक स्वतन्त्रता सहितको नागरिकता प्रदान गर्नुपर्छ भनेर विगत संविधानसभाले ठूलो मिहिनेतका साथ निष्कर्ष निकालेको हो ।

शुरुमा यो विषयलाई गैरआवासीय नेपालीहरूले नै उठाउनु भएको हो । 'हामी आफ्नो मुलुकबाट भावनात्मक रूपले टाढा हुन सक्दैनौं' भनेर मातृभूमिप्रतिको माया देखाउने नागरिकलाई हामीले निरूत्साहित पार्नु हुँदैन । त्यसैले विगत संविधानसभामा भएको यो सहमतिलाई नयाँ बन्ने संविधानमा समेट्न गैरआवासीय नेपालीहरू पनि उत्तिकै सक्रिय हुन आवश्यक छ ।

विदेशमा बस्ने नेपालीहरू त्यो देशसँग नेपालको सुमधुर सम्बन्धका सेतु हुन् । विदेशी लगानीकर्ता आकर्षित गर्ने प्रमुख आधार पनि हुन् । हामीले टाढा गइराख्नु पर्दैन । छिमेकी भारत र चीनकै गैरआवासीयहरूले मुलुकको आर्थिक विकासमा पुऱ्याएको योगदान हेरे काफी हुन्छ । यो अनुभव देखेपछि हामीले पनि विदेशमा रहेका आफ्ना नागरिकबाट मुलुकको विकासमा अधिकतम फाइदा लिनुपर्छ भनेर म आफैं प्रभावित भएको हुँ । त्यसैको परिणाम विगत संविधानसभाको सहमति हो । नयाँ संविधान बनेसँगै नागरिकता निरन्तरताको मुद्दा किनारा लाग्ने भएकाले त्यसपछि विदेशमा बस्ने नेपालीहरूप्रति मुलुकको अपेक्षा बढ्न जान्छ । शुरूदेखि उठ्दै आएको संस्था दर्ताको प्रक्रिया समेत सम्पन्न भइसकेको छ । त्यसैले गैरआवासीय नेपालीहरूले पनि मातृभूमिको विकास र समृद्धिका लागि अझ हैंसे गर्ने बेला आएको छ ।

## 'अब संगठनको मर्यादा र मातृभूमिमा लगानी गर्न केन्द्रित'

**'नेपालीका** लागि नेपाली' भन्ने नारासहित १० वर्षअघि स्थापना भएको गैरआवासीय नेपाली संघले ६६ देशमा आफ्नो औपचारिक उपस्थिति देखाइरहँदा विश्वभरका नेपालीहरूको साझा संस्थाको रूपमा एउटा उचाइ र हैसियत हासिल गर्न सफल भएको छ । यो सफलतालाई थप उचाइमा पुऱ्याउन सांगठनिक सुदृढीकरणसँगै स्वदेशको लागि साँच्चै केही गर्ने बेला आएको छ । संस्थालाई दर्ता गरेर नेपाल सरकारले औपचारिकता प्रदान गरिसकेको अवस्था अनि दश वर्षसम्म निरन्तर चलेको यो अभियानको अनुभवका आधारमा हामीले साँच्चै संस्था र स्वदेशको लागि केही गर्न सक्छौं भन्ने विश्वास पनि जागेको छ । विदेशमा बस्ने नेपालीहरूलाई एकजुट गराउने, नेपालभित्र र बाहिर उनीहरूको हित प्रवर्द्धन गर्ने र मातृभूमिका लागि योगदान गर्न परिचालन गर्ने संघको मुख्य उद्देश्यलाई पूर्ण रूपमा व्यवहारमा उतार्न अबको हाम्रो ध्यान केन्द्रित हुनेछ ।

उच्च शिक्षा, व्यावसायिक सम्भावना र रोजगारीको खोजीमा प्रवासिन पुगेका हामी नेपालीहरू जहाँ बसेर कर्म गरिरहे पनि हाम्रो मन नेपाली नै छ र पुस्तौंपुस्तासम्म भइनै रहने छ । त्यसैले जन्मथलोप्रतिको आफ्नो दायित्व सम्झेर लगानीको माध्यमबाट वा परोपकारी भावनाले गैरआवासीय नेपालीहरूले नेपालमा विभिन्न क्षेत्रमा सक्रियता देखाउने प्रवृत्ति बढेको छ । विदेशबाट नेपालमा अनुभव र सीप भित्र्याउन संस्थागत प्रयासलाई हामीले थप प्रभावकारी बनाउनु अबको बाटो हो ।

सामूहिक रूपमा गरिने विभिन्न क्रियाकलापबाट हाम्रो संगठित अभियानको महत्व र गरिमालाई उचाइतर्फ हिंडाएको छ । भोलिका दिनमा यसलाई थप मजबुत र दरिलो कसरी बनाउन सकिन्छ भन्नेतर्फ हाम्रो ध्यान केन्द्रित गर्नुपर्छ भन्ने लाग्छ ।

कडा मिहिनेत गरेरै भए पनि पहिलो पुस्ताको एनआरएन विदेशमा सफल भएको छ । अब यो सफलताको सकारात्मक पक्षको प्रयोग स्वदेशमा गर्नैपर्छ । मातृभूमिसँगको सम्बन्धलाई अझ प्रगाढ बनाएर मुलुकको रूपान्तरणमा सक्रिय र संगठित योगदान दिंदै यसलाई संस्कृतिकै रूपमा स्थापित गर्ने दायित्व अबको नेतृत्वमा आएको छ । ज्ञान, सीप र पूँजी भएको सचेत र संगठित गैरआवासीय नेपालीको सहभागितामा स्वदेशको विकास र प्रगति सम्भव छ । यत्ति हो, नेपाल सरकारको गति र उसको नीति त्यसको लागि अनुकूल हुनुपर्दछ । जुन हुँदै आएको पनि छ ।

हाम्रो आवश्यकता भनेको संगठनलाई मर्यादित, व्यवस्थित र विस्तारित गर्नु हो । जसले गर्दा गैरआवासीय नेपाली संघ सबैको बीचमा सम्मानित संस्थाको रूपमा चिनिएर सबैको माया लिन सकोस् । घोषणा गर्ने तर कार्यान्वयन नगर्ने भन्ने आरोपबाट संघलाई मुक्त दिलाउन सबै अध्ययन गरेर मात्रै घोषणा गर्ने र भनेको कामलाई पूर्णतः पूरा गर्नेतर्फ हामी केन्द्रित हुनुपर्छ ।

हामीले अब स्वदेशसँग धेरै आश गरेका छैनौं, हामी स्वदेशलाई कसरी धेरै भन्दा धेरै दिने भन्ने सोचिरहेका छौं । हामीलाई विश्वास छ, 'एक पटकको नेपाली, सधैंको नेपाली' भन्ने संघको मूल मान्यतालाई संवैधानिक रूपमा नै सम्बोधित गर्न यो संविधानसभा सहमत हुनेछ भन्ने विश्वास हामीमा छ । जुन गैरआवासीय नेपाली संघको तत्कालको प्रमुख प्राथमिकता र सरोकार हो ।



**कुमार पन्त**
महासचिव
गैरआवासीय नेपाली संघ

# 'गैरआवासीय नेपालीले नक्कली माया लगाएका होइनन्'



**रामेश्वर खनाल**
पूर्व अर्थसचिव

**जुन** कालखण्डमा नेपालीहरू बाहिरिने क्रम शुरू भयो, त्यसयताको अवधि लामो भएको छैन। उनीहरू जहाँ बसेका हुन् त्यहाँ स्थापित हुन संघर्षरत नै छन्। त्यसैले गैरआवासीय नेपालीहरूको कोणबाट सोच्दा नेपालबाट गरिएको अपेक्षा अलि बढी नै भएको पाइन्छ।

नेपालको विकास भएन भने हामीले जति नै धन कमाए पनि विदेशमा इज्जत पाउन सक्दैनौं भन्ने एनआरएनहरूले राम्रोसँग बुझेका छन्। त्यसैले उनीहरू नेपालको विकासमा योगदान गर्नकै लागि भनेर संगठित भएका हुन्। यस क्रममा गैरआवासीय नेपाली संघ औपचारिक रूपले दर्ता भएको मात्र होइन, ६६ मुलुकमा संगठन समेत विस्तार गरिसकेको छ। यो सन्दर्भमा संघको संगठित र व्यक्तिगत प्रयासबाट मुलुकले केही हासिल गर्न सक्छ भन्ने अपेक्षा गर्न सकिने अवस्था सिर्जना भएको छ।

नेपालीहरू बाहिर जहाँ रहेका छन्, त्यहाँ नेपालको सही अवस्थाबारे प्रभावकारी सूचना प्रवाह होस् भन्ने उनीहरूप्रतिको पहिलो अपेक्षा रहन्छ। विदेशी सञ्चार माध्यमले नेपालमा केही सामान्य घटना हुने वित्तिकै गम्भीर ढंगले समाचार सम्प्रेषण गर्दा त्यहाँको सरकारले पर्यटकलाई नेपाल भ्रमण गर्न उपयुक्त छैन, लगानीका लागि सुरक्षित छैन जस्ता सुझाव दिने गरेको छ। त्यसैले सम्बन्धित देशमा रहेका नेपालीहरूले वास्तविक अवस्थाप्रति अन्तर्राष्ट्रिय सञ्चार माध्यमको ध्यान आकर्षित गर्नसके नेपालबारे सकारात्मक सन्देश फैलाउन ठूलो भूमिका खेल्नेछ।

विभिन्न उद्देश्यले विदेश गएका नेपालीहरूले विविध क्षेत्रमा ज्ञान र सीप लिएका छन्। वास्तवमा अहिले नेपाललाई ठूलो पूँजी लगानी मात्र होइना प्रविधि, नयाँ सीप र ज्ञानको झनै जरूरी छ। नेपालको पर्यटन, कृषि, जडिबुटी प्रशोधन, वन, खानी लगायतका क्षेत्रमा नेपालीहरूले विदेशमा सिकेको ज्ञान र सीप महत्वपूर्ण छ। त्यस्तै गैरआवासीय नेपालीहरूले ठूलो होइन, सानै भए पनि लगानी ल्याउने क्रमलाई निरन्तरता दिंदा प्रत्यक्ष वैदेशिक लगानी आकर्षण गर्ने आधार तयार हुन्छ।

स्वदेशसँगको सम्बन्धलाई निरन्तरता दिने कडीको रूपमा एनआरएनहरूले नेपाली नागरिकताको निरन्तरताको माग अघि बढाउँदै आएका छन्। प्रायः सबै राजनीतिक दलहरूको घोषणापत्रमा समेत गैरराजनीतिक अधिकार बिनाको नागरिता गैरआवासीय नेपालीहरूलाई दिने उल्लेख गरिएकाले नयाँ संविधान निर्माणसँगै यो विषयको पनि अन्त्य हुने देखिन्छ।

नेपालमै पेशा-व्यवसाय गर्नेहरूले पनि विदेशमा बसेका नेपालीहरूले थोरै लगानी गरेर धेरै खोजे भन्ने आरोप लगाउनु उपयुक्त हुँदैन। अंकमा भन्दा पनि उनीहरूले नेपालका धेरै क्षेत्रमा लगानी ल्याए भने त्यसको प्रभाव गुणात्मक हुन जान्छ। र, यसमा एनआरएनहरू पनि देखिएका छन्। उनीहरूको मातृभूमिप्रतिको माया नक्कली होइन, पूरापूर सक्कली हो।

# 'एनआरएनले ध्यान दिनुपर्ने तीन मुद्दा'

**गैरआवासीय** नेपालीहरूबारे प्रमुख तीनवटा मुद्दा देखिएका छन्। पहिलो त अहिले प्रचलनमा रहेका नेपाल कानूनले गैरआवासीय नेपालीहरूलाई दिएको हक र अधिकार बारेको नै हो। नयाँ संविधान नबनुन्जेल गैरअवासीय नेपाली सम्बन्धी ऐन लगायत अन्य कानूनहरूले दिएका अधिकारको अधिकतम प्रयोग गर्नेतर्फ विदेशमा बस्ने नेपालीहरूले सक्रियता देखाउनै पर्छ। उदाहरणका रूपमा विविध कारणले विदेशको नागरिकता लिएको नेपालीहरूले यहाँ रहेको सम्पत्तिको निर्वाध उपयोग, हक हस्तान्तरण आदि अहिलेकै कानून अनुसार गर्न सक्नुहुन्छ। तर, यो अधिकारलाई व्यवस्थित गर्ने नियमहरू बनेका छैनन्। गैरआवासीय नेपाली संघले संस्थागत रूपमै यसमा पहल गर्न आवश्यक छ। त्यस्तै प्रचलित कानून बमोजिम नै पूँजी ओसारपसार खुला रूपले गर्न पाउने नियम बनाउन सकिन्छ।

दोस्रो प्रमुख मुद्दाको रूपमा नेपाली नागरिकताको निरन्तरता नै रहेको छ। विगत संविधानसभामा राजनीतिक अधिकार बाहेक अन्य अधिकारमा एक पटकको नेपाली सधैंको नेपाली रहन्छन् भन्ने सहमति भइसकेको छ। अब नयाँ संविधानसभा गठन भएको परिप्रेक्ष्मा विगतको सहमतिलाई कायम राख्दै अझ बढी अधिकार सहितको संवैधानिक व्यवस्था गराउन गैरआवासीय नेपालीहरूकै मुख्य जोड हुनुपर्छ।

गैरआवासीय नेपाली सम्बन्धी तेस्रो मुद्दाको रूपमा उहाँहरूप्रति मुलुकको अपेक्षा रहेको छ। विदेशमा बस्ने नेपालीहरू संसार घुमेर जुन नयाँ दृश्य देख्न र नयाँ अनुभव भोग्न पाउनुभएको छ, त्यसको आधारमा नयाँ सीप र प्रविधि मातृभूमिमा भित्र्याउने तथा नेपालको 'गुडविल एम्बेसडर' भएर उहाँहरूले काम गर्नुपर्छ। यसो भएमा नेपालका आम सर्वसाधारणको उहाँहरूप्रतिको भरोसा अझ उजागर हुनेछ। नेपालको सामाजिक मुद्दामा समेत उहाँहरूको ठूलो योगदान हुनसक्छ। स्वास्थ्य, शिक्षा जस्ता क्षेत्रलाई ग्रामीण पहुँचसम्म पुऱ्याउन गर्दै आउनुभएको प्रयत्न अझै व्यापक होओस् भन्ने स्थानीय समुदायको माग छ। त्यसो गर्दा विदेशमा बस्ने नेपाली र राज्य मात्र होइन, समाजसँगको सम्बन्ध अझ प्रगाढ हुन जान्छ।



**राधेश्याम अधिकारी**
वरिष्ठ अधिवक्ता तथा
पूर्व सभासद

### नागरिकता निरन्तरतामा एकमत

गत संविधानसभामा सहमति भइसकेकाले नेपाली नागरिकता निरन्तरताको विषयमा नयाँ संविधानसभाले त्यसको अपनत्व ग्रहण गर्नुपर्नेमा प्रायः सबै राजनीतिक दलका नेताहरू ऐक्यबद्ध हुनुहुन्छ।

गत संविधानसभाले कारणवश कुनै अर्को मुलुकको नागरिकता लिइसकेको नेपालीले नेपालको नागरिकता त्याग्नु नपर्ने सहमति गरिसकेको थियो। दलहरूको सहमति अनुसार नेपालमा लगानी गर्न, उद्योग कलकारखाना चलाउन, सांस्कृतिक गतिविधिहरू गर्नमा कुनै भेदभाव हुँदैन। संघले पनि संविधान निर्माण नहुन्जेल नागरिकता निरन्तरताको विषयमा सम्पूर्ण ध्यान लगाउने निर्णय गरेको छ। सबै दलले एक वर्षभित्र संविधान निर्माण पूरा गर्ने बाचा गरेको परिप्रेक्ष्मा नेपाली नागरिकताको निरन्तरता मुद्दालाई प्रमुखताका साथ उठाउने संघका अध्यक्ष शेष घलेले घोषणा गर्नुभएको छ। "यसलाई पहिले जहाँ छोडिएको थियो त्यहींबाट अगाडि बढाउने भन्ने मेरो संकल्प छ", उहाँ भन्नुहुन्छ, "नेपाली नागरिकता निरन्तरताको मुद्दालाई मेरो कार्यकालमा एउटा प्रमुख एजेण्डाको रूपमा अगाडि लैजाने मैले बाचा गरेको छु *(हे. अन्तर्वार्ता)*।"

गैरआवासीय नेपाली संघको दर्ताबारे शुरूदेखि कायम रहेको माग छैटौं विश्व सम्मेलनको क्रममा टुङ्गिएको थियो। नेपाल सरकारले परराष्ट्र मन्त्रालय अन्तर्गत संघलाई दर्ता गरेपछि कानूनी लडाइँको एउटा महत्वपूर्ण अध्याय पूरा भएको हो। अब नागरिकता निरन्तरताको विषयलाई संविधानमा समेटेपछि संघले सरकारप्रति राख्ने ठूला अपेक्षा पूरा हुनेछन्।

नागरिकता निरन्तरताको सन्दर्भमा संघले नै थप अधिकारका लागि पहल गर्नुपर्ने वरिष्ठ अधिवक्ता तथा अघिल्लो संविधानसभाका सदस्य राधेश्याम अधिकारी बताउनुहुन्छ *(हे. बक्स)*। "अघिल्लो संविधानसभामा राजनीतिक अधिकार बाहेकको नागरिकता दिने सहमति भए पनि अहिले गैरआवासीय नेपाली संघले सम्पूर्ण अधिकार पाउने गरी लविङ गर्न सक्छन्", उहाँ भन्नुहुन्छ "संघले बलियो लविङ गर्न सके अधिकारको सीमा नतोकी साविककै नागरिकताले निरन्तरता दिने व्यवस्था पनि हुन सक्छ भन्ने मलाई लाग्छ।" नयाँ संवैधानिक प्रावधानका लागि लविङ गर्ने क्रममा यसअघि नै आएको गैरआवासीय नेपाली ऐन र अन्य प्रचलित कानून बमोजिमका सुविधा प्रयोग गर्न भने तत्कालै अग्रसर हुनुपर्ने उहाँको सुझाव छ। त्यस बाहेक विदेशमै हुर्किएको नयाँ पुस्तालाई नेपालसँग जोड्न र विदेशी पर्यटक आकर्षित गर्न पनि गैरआवासीय नेपाली अभियन्ताहरूले सार्थक प्रयास थाल्नुपर्ने उहाँ बताउनुहुन्छ। ◆

# 'नेपालमा लगानी गर्न सबैको आत्मविश्वास बढाउँछौं'



**शेष घले**, अध्यक्ष, गैरआवासीय नेपाली संघ

**अध्यक्षमा निर्वाचित भएपछि के विषयलाई प्राथमिकतामा राखेर अगाडि बढ्नु भएको छ ?**

छैटौं विश्व सम्मेलनमा गरेको प्रतिबद्धतालाई आधार मानेर अगाडि बढेको छु । उद्यमी र उद्यमशीलता विकास गर्ने मेरो प्रमुख लक्ष्य हो । देशको आर्थिक विकासमा सहयोग पुऱ्याउनु हाम्रो कर्तव्य हो, जसको लगि एनआरएनहरूले लगानी भित्र्याउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ भन्ने मेरो मान्यता छ ।

संस्थागत सञ्जाल र दायरा बढेसँगै संघको सञ्चालनमा पनि नयाँ कार्यनीति र रणनीति आवश्यक रहेको मैले महशूस गरेको छु । टास्क फोर्सको आधारमा मात्र नभई अब नयाँ भिजनसाथ नै संस्थालाई अगाडी बढाउने बेला आएको छ । यसका लागि हामीले एक जना व्यवस्थापनका प्राध्यापकको संयोजकत्वमा पुनरावलोकन समेत गरेर अघि बढेका छौं ।

हामीले केही काम अगाडि बढाइसकेका पनि छौं । जसमा सबै एनआरएनहरूको अपनत्व होस् भन्नका लागि विश्वभरबाट रकम संकलन गरेर एनआरएन भवन निर्माण गर्ने काम दुई वर्ष भित्रमा सक्नेगरी अगाडि बढिसकेको छ । त्यस्तै खाडी र मलेशियामा रोजगारीमा जाँदा विपत्तिमा परेका नेपालीहरूलाई सहयोग गर्न कोष खडा गर्ने काम अगाडि बढिसकेको छ । मैले आफ्नो तर्फबाट कोषका लागि एक करोड रुपैयाँ योगदान गरेको छु । यसबारे सरकारसँग पनि कुरा भएको छ, सहयोग गर्ने आश्वासन आएको छ । यसलाई कसरी चलाउन सकिन्छ भन्नेबारे संयन्त्र बन्दैछ । साथै वैदेशिक रोजगारी सुरक्षित बनाउने र एनआरएनलाई सामाजिक सेवामा थप प्रेरित गर्ने हाम्रो लक्ष्य छ ।

**तपाईंको कार्यकालमा स्वदेशको लागि लगानीको पक्ष कसरी अगाडि बढ्छ ?**

सबै एनआरएनले गर्छ, वा देश नै एनआरएनले बनाउँछ भन्ने सोच्नु गलत हो । हामीले बनाएको एक-दुई वटा परियोजनाले देश चल्दैन । हामीले हाम्रो क्षमता अनुसार गर्ने हो । अहिले नेपालमा विभिन्न कारणले विदेशी लगानी आइरहेको छैन । यस्तो बेलामा हामीले अलिअलि लगानी गर्दा पनि राम्रो वातावरण बन्छ र प्रत्यक्ष वैदेशिक लगानी भित्रिन्छ भन्ने हामीलाई लागेको छ । त्यसका लागि हामीले पहल गर्न खोजेको हो । अर्को कुरा, देशभित्र पनि पूँजी नभएको होइन । तर लगानी भैरहेको छैन । हामीले गरेको लगानीले उनीहरूलाई पनि प्रोत्साहन दिओस्, आत्मविश्वास बढाओस् भन्ने हाम्रो उद्देश्य हो ।

सरकारलाई लगानीमैत्री नीति बनाउनका लागि दबाब दिन पनि हामी संस्थागत रूपले जुट्छौं । नीति निर्माणमा पनि हाम्रो कुरा सुनिन्छ भन्ने हाम्रो विश्वास छ । मलाई लाग्छ हामीले अहिले जे-जति प्रयास गरेका छौं, त्यसले भविष्यमा लगानी बढाउनका लागि सहज बाटो बनाउँछ । नेपाल जस्तो सानो अर्थतन्त्रका लागि ठूलो मात्रामा लगानी चाहिएको होइन । मात्र आत्मविश्वास चाहिएको हो । आत्मविश्वास बढाउनका लागि हाम्रो सानै आकारको लगानी भए पनि महत्वपूर्ण हुन्छ ।

**अघिल्लो कार्यसमितिले शुरू गरेको सामूहिक लगानीको अवधारणालाई कसरी निरन्तरता दिनुहुन्छ ?**

त्यसलाई मैले पनि पहिलो प्राथमिकता नै दिन्छु । यसलाई अझ कसरी विस्तार गर्ने भन्ने हाम्रो पहिलो प्रयास हुनेछ । त्यसैलाई बल पुऱ्याउन हामीले एउटा सामूहिक लगानी भएको होटलको अवधारणा पनि ल्याएका छौं । यसमा अलिकति फरक तरिकाले अगाडि बढ्ने हाम्रो योजना छ । एकै पटक विश्वभरबाट पैसा उठ्न सम्भव नभए पहिले थोरै लगानीकर्ताबाट भए पनि शुरू गरिहाल्ने र पछि आउने सबैलाई समेट्दै जाने सोचमा छौं ।

**नेपाली नागरिकता निरन्तरताको विषयलाई कसरी अगाडि बढाउँदै हुनुहुन्छ ?**

जुन मुलुकमा पुगे पनि नेपालीप्रतिको माया र सद्भाव कोही पनि नेपालीको मनबाट कम हुन सक्दैन । त्यसैले नागरिकताको निरन्तरता एउटा विदेशमा बस्ने सबै नेपालीको पहिचान र राष्ट्रियताको साझा मुद्दा हो । यसलाई पहिले जहाँ छोडिएको थियो त्यहीबाट अगाडि बढाउने भन्ने मेरो संकल्प छ । संविधानसभा बनेको छ । नयाँ संविधानसभामा यसलाई समेट्न मेरो सम्पूर्ण प्रयास रहन्छ ।

**एआरएनहरूलाई लाग्दै आएको आरोप भनेको कुरा मात्र गर्ने काम नगर्ने भन्ने छ, यस आरोपबाट मुक्ति पाउन तपाईंको कार्यसमितिले के गर्छ ?**

एनआरएनबाट समाजले धेरै अपेक्षा राख्यो । वास्तवमा हामीले पनि कति कुरा बढी बोल्यौं होला । अर्को कुरा यो संस्थालाई नेतृत्व गर्नेलाई हेरेर पनि मानिसहरूले बढी आकांक्षा राखे । मलाई के लाग्छ भने हाम्रो वास्तविकतालाई समाजमा राम्रोसँग बुझ्ने गरी राख्नुपर्छ । एनआरएनहरू पनि बढी उत्साही नभई वास्तविकताको धरातलमा रहेर बोल्न जरूरी छ । त्यो भयो भने समाजमा पनि एक खालको राम्रो बुझाइ हुन्छ । मेरो कार्यसमितिमा धेरै बोल्ने छैन । अब काम गर्ने समय आएको छ ।

**सधैं सर्वसम्मत् हुने एनआरएनमा पहिलो पटक चुनाव भयो, यसले संस्थालाई थप अप्ठ्यारोमा पार्छ पनि भनिन्छ नि !**

चुनाव भनेको विधानमा भएको प्रजातान्त्रिक प्रक्रिया हो । मेरो जिम्मेवारी निर्वाचित भइसकेपछि सबैलाई मिलाएर लैजानुपर्छ । मलाई कुनै स्वार्थ पनि छैन । मलाई निर्वाचित गर्नेले दिएको म्याण्डेट अनुसार मैले काम गर्छु । सहमति भएर आएको जस्तै मलाई सजिलो पनि भएको छ ।

**अन्त्यमा एनआरएनहरूलाई तपाईंको सन्देश के छ ?**

हाम्रो संस्थाको उद्देश्य 'फर नेपाली, वाई नेपाली' भन्ने हो । यो भावनाबाट प्रेरित भएर यो संस्थालाई देशका लागि योगदान गर्न योग्य बनाइन दिन म सबैमा आग्रह गर्छु । आफ्ना व्यक्तिगत स्वार्थलाई छाडेर एक भएर अघि बढ्ने समय आएको छ । आफ्नो स्वार्थ, देश तथा यो संस्थाको स्वार्थलाई मिलाएर अगाडि लैजाऔं । सकेसम्म केही गरौं, त्यो पनि नसके राम्रो कामको विरोध नगरौं । ◆

# हामीले गरेर देखाउने बेला आयो



**जीवा लामिछाने**
निवर्तमान अध्यक्ष
गैरआवासीय नेपाली संघ

> खासगरी एनआरएनसँग नेपाल र नेपालीले धेरै अपेक्षा गरेका छन् । जुन कुरालाई अब हामीले पूरा गर्ने कोशिस गर्नुपर्छ ।

स्थापनाको दश वर्षमा गैरआवासीय नेपाली संघले केही महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । पहिलो त शून्यबाट शुरू भएको हाम्रो संगठन आज ६६ देशमा फैलिएको छ । यसले विदेशमा बस्ने नेपालीलाई एउटै संस्थामा आबद्ध हुन पाएका छन् । एनआरएन स्थापना गर्दा हामीले विदेशमा आफ्ना विषयहरूलाई एक भएर प्रस्तुत गर्ने र आफ्नो देशका लागि केही गर्ने भन्ने उद्देश्य राखेका थियौं । त्यसलाई केही हदसम्म हामीले पूरा पनि गरेका छौं ।

खासगरी एनआरएनसँग नेपाल र नेपालीले धेरै अपेक्षा गरेका छन् । जुन कुरालाई अब हामीले पूरा गर्ने कोशिस गर्नुपर्छ । हिजोसम्म हामीले 'संस्था दर्ता हुने प्रक्रियामा छ, हाम्रा मागहरूलाई पूरा गर्नुपर्छ र हाम्रो नेटवर्कको विस्तारमा हामी छौं' भन्ने गरेका थियौं । वास्तवमा अब त्यस कुरालाई अरू कारण देखाएर उम्कने ठाउँ छैन । एनआरएले नेपाल सरकारबाट कानूनी मान्यता पाएको छ । एनआरएनको लगानीलाई विदेशी लगानीसरह व्यवहार गर्ने भन्ने कुरा पनि भएको छ । त्यसैले लगभग सरकारको तर्फबाट हामीलाई गर्नुपर्ने सबै काम भएको छ । यसको मतलब के भने हामीले उठाएका प्रमुख विषयवस्तुमाथि सरकार सहमत भएको छ । भोलि काम गर्दै जाँदा आउने समस्या त्यतिबेलै समाधान होलान् ।

नेपाल सरकारको पक्षबाट हाम्रा प्रमुख मागमध्ये एउटा नेपाली नागरिकता निरन्तरताको विषय मात्र पूरा हुन बाँकी छ । नागरिकता निरन्तरताको विषय हाम्रो भावनात्मक नाताको लागि उठाइएको कुरा हो । मलाई लाग्छ, नयाँ संविधानमा त्यो कुरा सम्बोधन पनि हुन्छ । किनभने पहिलेको संविधानसभामा यस कुरामा प्रमुख पार्टीबीच सहमति भइसकेको हो । त्यसैले अब हामीले आफ्ना प्राथमिकताहरूलाई प्रष्ट गर्नुपर्छ । अहिलेको मुख्य दायित्वचाहिं सरकारको भन्दा पनि हाम्रो छ । अब हामीले काम गर्न शुरू गर्नुपर्छ । जिम्मेवारी हामीतर्फ फर्किएको छ ।

त्यसैले अब केही गर्ने समय भएको छ । अर्को कारण के पनि छ भने, नेपाली नागरिकले हामीलाई विदेशमा बस्ने भए पनि नेपालमा केही गर्न चाहने समुदायको रूपमा हेरेका छन् । अब त्यस्तो अपेक्षालाई पूरा गर्नैपर्छ । देशका लागि गर्न सकिने भनेको पहिलो त लगानी नै भयो । दोस्रो हामीले गर्दै आएको समाजिक क्षेत्रको योगदानलाई अझै बढाउनुपर्छ । अहिलेको मुख्य काम यिनै हुन् भन्ने मलाई लाग्छ ।

नेपालमा एनआरएनहरूले धेरै बोले तर केही गरेनन् भन्ने गुनासो सुनिन्छ । हुन पनि कहिलेकाहीं हामीले अलि बढी नै उत्साही भएर बोलिरहेका हौंला । वास्तवमा आफ्नो क्षमतालाई बिर्सिएर बोल्नु हुँदैन । अहिलेको स्थितिमा देशमा कायापलट हुनेगरी काम गर्ने क्षमता हामीसँग छैन । गर्दै नगरेको पनि होइन, विदेशमा स्थापित हुनका लागि संघर्ष गरिरहेको पुस्ताले स्वदेशमा पनि लगानी गरिरहेको छ । आफ्नो क्षमता अनुसार सामाजिक क्षेत्रमा पनि योगदान गरिरहेको छ । तर हामीकहाँ अभाव बढी भएकोले त्यो देखिएको छैन । लगानी उत्प्रेरणा भयो भने निरन्तर हुने कुरा हो । नेपालमा राजनीतिक स्थायित्व तथा बन्द-हड्ताल नहुने र ट्रेड युनियन समस्या नहुने हो भने लगानी बढ्छ । एनआरएनको लगानीको कुरामात्र नभएर हामीसँग आबद्ध विदेशीलाई पनि ल्याउन हामीले पुलको काम गर्न सक्छौं ।

अघिल्लो कार्यसमितिले सामूहिक लगानी कोषको शुरुवात एकमुष्ट लगानी विस्तारकै लागि गरेको थियो । व्यक्तिगत रूपमा लगानी गर्दा त्यति प्रभावकारी भएन भनेर यसको शुरुवात गरिएको हो । तर काम गर्दै जाँदा यसमा चुनौती निकै देखियो । यस्तो कोष सरकारको मातहतमा भए अझ राम्रो हुँदो रहेछ । जस्तोकि अहिले त हामीले संस्थागत रूपमा अघि बढाएको भएर केही नहोला । तर पछि यसरी नै खराब नियतले कसैले पैसा उठायो र धोका दियो भने के गर्ने ? त्यसकारण जोखिमको हिसाबले यसलाई सरकारले आफ्नो मातहत ल्याउँदा राम्रो हुन्छ । लगानी ल्याउन हामीले परीक्षण गऱ्यौं । यसले सम्भावना देखाएको छ । त्यसैले यसलाई अघि बढाउन अब सरकार तात्नु पर्छ ।

एनआरएनहरूले संस्थागत रूपमै बढी लगानी गरून् भन्ने अपेक्षा पनि छ । त्यसका लागि यो संस्थाको उद्देश्यमा पनि ध्यान दिनुपर्छ । वास्तवमा संस्थाको रूपमा एनआरएनएले नेटवर्किङ गरेको भए पनि समाजिक वा अन्य आर्थिक क्षेत्रमा लगानी गर्ने भनेको व्यक्तिको रूपमा एनआरएनहरूले नै हो । केही साथीहरूले यसलाई बुझेर पनि गोलमटोल पारेका छन् । त्यसैले धेरैमा गैरआवासीय नेपाली संघ-संस्थाले नै लगानी गर्ने हो भन्ने द्विविधा छ । वास्तवमा संस्थाले त प्लेटफर्ममात्र बनाउने हो । गैरनाफामूलक संस्थाले लगानी गर्दैन, व्यक्तिले गर्नुपर्छ भन्ने कुरा प्रष्ट हुनुपर्छ ।

अहिले लगानीका लागि पहिलेको भन्दा सहज भएको छ । सरकारले पनि हाम्रो लगानीलाई नेपाली नागरिककै लगानीको रूपमा मान्यता दिएको छ । यसमा नेतृत्व पनि सक्षम छ जस्तो मलाई लाग्छ । हाम्रो चाहनालाई कामबाट देखाउने अवसरको रूपमा अबको समयलाई एनआरएनले लिनुपर्छ । देशमा लगानी गर्ने एनआरएनहरूको पहिलेदेखिको चाहनालाई मैले नजिकबाट देखेको छु । हामी अब लगानीतर्फ लाग्छौं भन्ने मलाई विश्वास छ ।

हामी अहिले विदेशमा बसेको भए पनि यो ठाउँमा पुऱ्याउनका लागि हाम्रो देशको ठूलो हात छ । त्यसैले हामीले आर्जन गरेको सम्पत्तिको केही हिस्सा यो देशले पनि पाउनुपर्छ । आफ्नो क्षमता अनुसार देशका लागि सामाजिक वा आर्थिक क्षेत्रमा योगदान गर्नुपर्छ । हामी पहिलो पुस्ताको डायस्पोरा हो । हाम्रो त जरा नै नेपालमा छ । जस्तो हामी सरकारी स्कूलमै पढेका हौं । भनेपछि सरकारले पनि त हामीमा लगानी गरेको छ । समग्रमा केही न केही रूपमा हामीलाई देशको लगानी छ । त्यसलाई अब हामीले सम्मान गर्नैपर्छ ।

त्यसैले मातृभूमिका लागि केही गर्न अब एनआरएन सबैले पहल गर्नुपर्छ । सामूहिक रूपमा लगानी गर्नकै लागि विश्वव्यापी नेटवर्क बनाइएको हो । सबैले गरौं भनेर नै संस्था बनाएको हो । यसमा एक/दुई जना व्यक्तिको मात्र मुख ताकेर हुँदैन । नेतृत्वले ड्राइभरको काम गर्नुपर्छ । नेतृत्वको रूपमा शेष घलेले अहिले दुई महिनाको बीचमा गरेका काम हेर्दा उहाँले निकै गम्भीर भएर यसमा लागेको मैले पाएको छु । संस्था पहिलेको भन्दा विस्तार भएकोले स्वभाविक रूपमा चुनौती पनि बढेका छन् । एनआरएनलाई कसरी सबैको बनाउने, राजनीतिक रूपमा कसरी अलग्गै राख्ने अहिलेका चुनौती हुन् । यसमा सबै साथीहरूको चिन्ता भएकोले मेरो विचारमा हामी यस्ता चुनौतीलाई चिर्न सक्छौं ।

गएको महाधिवेशनमा केही विकृतिहरू देखिएका थिए । त्यसलाई कसरी सम्बोधन गर्ने बारेमा गम्भीर बन्नुपर्छ । नेपालमा अहिले राजनीतिक वा अन्य कारणले मानिसहरू विभाजित जस्तो देखिएका छन् । यस्तो प्रवृत्ति विदेशमा बस्ने नेपालीमा समेत चर्को छ भन्ने मैले अनुभव गरेको छु । त्यसैले यो संस्थालाई सबैको संस्था बनाउन एउटा चुनौतीको रूपमा खडा भएको छ । अर्को कुरा यति ठूलो संस्थाको आर्थिक पक्षलाई पनि ध्यान दिनुपर्छ । अब यो संस्थालाई आर्थिक रूपले पनि सशक्त बनाउन जरुरी छ । ◆

*कुराकानीमा आधारित*

# उच्च व्यक्तित्वसँग भेटवार्ता



**संघका** अध्यक्ष शेष घलेले नेपालका उच्चपदस्थ सरकारी अधिकारी, गैरसरकारी क्षेत्रका प्रतिनिधि र अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिसँग भेटवार्ता गरी गैरआवासीय नेपाली अभियान, लगानी, सुरक्षित आप्रवासन लगायतका विषयमा तत्कालै गर्नुपर्ने काम र नीतिगत सुधारबारे छलफल गर्नुभएको छ। संविधानसभा निर्वाचन सम्पन्न भएलगत्तै अध्यक्ष घलेले नेपालका राष्ट्रपति, मन्त्रिपरिषद्का अध्यक्ष, परराष्ट्र तथा गृहमन्त्री, श्रममन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष लगायतसँगको छुट्टाछुट्टै भेटमा उहाँले संघको वर्तमान कार्यसमितिले अघि सारेका कार्ययोजनाबारे जानकारी गराउँदै नेपालको आर्थिक विकास, लगानी विस्तार, उद्यमशीलता विकास लगायतका क्षेत्रमा आफ्नो कार्यकाल केन्द्रित हुने जानकारी गराउनुभयो। राष्ट्रपति डा. रामवरण यादवसँग भएको भेटमा अध्यक्ष घलेले वर्तमान कार्यसमितिले नेपालको आर्थिक विकास र लगानी विस्तार तथा सहजीकरणका लागि आवश्यक कार्य गर्ने र उद्यमशीलता विकासमा ध्यान केन्द्रित गर्ने नीति लिएको जानकारी गराउनुभयो।

यस्तै मन्त्रीरिषद्का अध्यक्ष खिलराज रेग्मीसँगको भेटमा गैरआवासीय नेपालीहरूका सरोकारका विषयहरूका बारेमा रेग्मीलाई अवगत गराउनुभयो।

यसैगरी गृह तथा परराष्ट्र मन्त्री माधवप्रसाद घिमिरेसँगको भेटमा मन्त्रीले मन्त्रालयले गैरआवासीय नेपालीहरूका विषयहरूमा सहयोगात्मक तथा सहजकर्ताको भूमिका निर्वाह गर्न तयार रहेको र हालको परिवेशमा नेपाल सरकार तथा सम्पूर्ण नेपालीहरूले नेपालको समृद्धिमा गैरआवासीय नेपालीहरूको योगदानको ठूलो आशा गरेको समेत औंल्याउनु भयो।

मन्त्री घिमिरेले एनआरएन कार्ड लिएकाहरूको भिषा प्रक्रिया सरलीकरण गर्न मातहतका निकायमा निर्देशन दिने बताउनुभएको छ। कार्ड लिएका गैरआवासीय नेपालीहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भिषा आवेदन फारम भर्नु नपर्ने व्यवस्था रहेकोमा गत अक्टुबरदेखि पुनः फारम भर्नुपर्ने व्यवस्था लागू गरेपछि अध्यक्ष घलले सरलीकरणका लागि अनुरोध गर्नुभएको थियो। परराष्ट्र मन्त्री घिमिरेले नेपाल आउ–जाउ गर्ने गैरआवासीय नेपालीहरूको तथ्यांक संकलनका लागि फारम भर्ने व्यवस्था लागू गरे पनि त्यसलाई जति सक्दो सहज बनाउन निर्देशन दिने बताउनुभएको हो।

# संरक्षक र सल्लाहकार नियुक्त



रामप्रताप थापा
प्रमुख संरक्षक

**गैरआवासीय** नेपाली संघको छैटौं अधिवेशनबाट चुनिएको नयाँ कार्यसमितिको ८ कात्तिक २०७० मा सम्पन्न पहिलो (आइसीसीको ३९ औं) बैठकले अघिल्लो कार्यसमितिले छैटौं विश्व सम्मेलन तथा महाधिवेशन सफलतापूर्वक सम्पन्न गरेकोमा धन्यवाद दिने निर्णय गरेको छ। साथै बैठकले ५ जनालाई संरक्षकमा नियुक्तिको निर्णय गरेको छ। संघको प्रमुख संरक्षकमा रामप्रताप थापा (जर्मनी) नियुक्त हुनुभएको छ भने संरक्षकहरूमा डा. अम्बिकाप्रसाद अधिकारी (अमेरिका), क्या. हितमान गुरूङ (बेलायत), इन्द्रा वन (अष्ट्रेलिया) र रामेश्वर शाह (नेपाल) नियुक्त हुनुभएको छ।

यस्तै संघको २७ पुसमा सम्पन्न ४० औं बैठकले १५ जनालाई संघको सल्लाहकारमा चयन गरेको छ भने अष्ट्रेलियाका कृष्ण गिरीलाई युवा उपसंयोजकमा नियुक्त गरेको छ। सल्लाहकारमा डा. हेमराज शर्मा (युरोप), मेजर डमर घले (युरोप), दिलकुमार गुरूङ (युरोप), रतन झा (अमेरिका), दीपक खड्का (ओसियाना), नरेन्द्र भाट (मध्यपूर्व), तेन्जी शेर्पा (नेपाल), सुरज बैद्य (नेपाल), राम खरेल (अमेरिका), डा. देवकाजी डंगोल (मध्यपूर्व), शशि पौडेल (युरोप), श्री नापित (ओसियाना) र युवराज गुरूङ (युरोप) चयन हुनुभएको छ।

## १४ सदस्य मनोनित

आइसीसीको ४० औं बैठकले दिएको अधिकार अनुसार गत ११ माघ २०७० मा सम्पन्न पदाधिकारी बैठकले १४ जनालाई सदस्यमा मनोनित गरेको छ। नवनियुक्त सदस्यहरूमा निरज श्रेष्ठ (ओसेनिया), जानकी गुरूङ( युरोप), विष्णु माया परियार (अमेरिका), दीपा राई (ओसिनिया), अमृत गुरूङ (मध्य पूर्व), रोशन के.सी (एशिया प्रशान्त), कुल आचार्य (युरोप), रेखा घिमिरे (मध्य पूर्व), कूलबहादुर कार्की (अफ्रिका), गणेश के.सी (ओसेनिया), डा. शर्मिला गुरूङ (एशिया प्रशान्त), डा. राजु अधिकारी (ओसेनिया), मन थापा (अफ्रिका), राजेन्द्र सिवाकोटी (अमेरिका) हुनुहुन्छ। पदाधिकारी बैठकले चयन गरेका थप सात जना सल्लाहकारको नाम भने आगामी ४१ औं कार्यसमिति बैठकबाट अनुमोदन गरिने भएको छ।

## क्षेत्रीय सम्मेलन जापानमा

**बैठकले** गैरआवासीय नेपाली संघको क्षेत्रीय सम्मेलन सन् २०१४ मा जापानमा आयोजना गर्ने निर्णय गरेको छ। सम्मेलनको स्थान र मिति निर्धारण गर्ने जिम्मा एसिया प्यासिफक क्षेत्रीय संयोजक र उपसंयोजकलाई दिएको छ।

एनआरएनएको युरोप क्षेत्रीय वैठक जुन महिनाको ७ र ८ तारिखमा स्पेनको बार्सिलोनामा र मध्यपूर्व क्षेत्रीय वैठक मे महिनामा बहराइनमा आयोजना गर्ने निर्णय गरेको छ।

# अध्यागमन सरल पार्ने सल्लाहकार बोर्डको निर्णय



**राष्ट्रिय** योजना आयोगका उपाध्यक्ष रविन्द्रकुमार शाक्यको अध्यक्षतामा बसेको संघको सल्लाहकार बोर्डको पाँचौं बैठकले गृहसचिवले अध्यागमनलाई सरलीकृत गर्ने उपायहरूबारे सुझाव पेश गर्न परराष्ट्र मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरेको छ। गैरआवासीय नेपाली सम्बन्धी नियमावली अनुसार नेपाली मूलका विदेशी नागरिकले काठमाडौंमा कुनै अचल सम्पत्ति किन्नु अगावै ७५ वटै जिल्लामा भएको सम्पत्तिको विवरण ल्याउनुपर्ने व्यवस्था झन्झटिलो भएको भन्दै त्यस्तो प्रावधान हटाउन सल्लाहकार बोर्ड सहमत भएको छ।

बैठकमा संघका अध्यक्ष शेष घलेले गैरआवासीय नेपाली सम्बन्धी ऐन २०६४ को व्यवस्था र त्यसलाई व्याख्या गर्ने सन्दर्भमा देखिएका समस्या र सरलीकृत गर्नेबारे पनि विभिन्न उपाय पेश गर्नुभएको थियो। त्यस्तै अध्यक्ष घलेले विदेशमा दुई वर्षभन्दा बढी समय अध्ययन गर्ने नेपाली विद्यार्थीलाई पनि गैरआवासीय नेपालीको परिभाषाभित्र समेट्न, एनआरएनका लागि मताधिकार सुनिश्चित गर्न, परिचयपत्र प्राप्त एनआरएनले नेपालभित्र जागिर खान पाउने वा नपाउने विषयमा स्पष्ट व्यवस्था गर्न, भद्दा परिचयपत्रको आकार घटाउन, दोहोरो कर अन्त्य गर्न आग्रह गर्नुभयो।


# आफ्नै भवन बन्दै

**गैरआवासीय** नेपाली संघले काठमाण्डौमा आफ्नै भवन बनाउने भएको छ। भवन अभावमा हाल एनआरएन सचिवालय नेपाल उद्योग बाणिज्य महासंघको कार्यालयमा रहँदै आएको छ।

गैरआवासीय नेपाली संघको नयाँ नेतृत्व चयन भएसँगै बसेको पहिलो बैठकले काठमाण्डौमा एनआरएन भवन निर्माणको कार्ययोजना तय गरेको हो। सन् २०१५ सम्ममा भवन निर्माण सम्पन्न गर्न १० करोड रूपैयाँ संकलन गर्ने निर्णय भएको छ। यसका लागि अध्यक्ष एवं भवन निर्माण कार्यदलका संयोजक शेष घलेले १ करोड रूपैयाँ सहयोग गर्नुभएको छ। यसैगरि अन्य आईसीसी पदाधिकारी र सदस्यहरूले पनि आफ्नो तर्फबाट रकम घोषणा गर्नुभएको छ।

भवन निर्माण कार्यदलका संयोजक एवं अध्यक्ष घलेले अहिले जग्गा हेर्ने काम भइ रहेको जानकारी दिनु भयो।

# साहित्य प्रबर्द्धनमा जोड



**संघका** अध्यक्ष शेष घले नेतृत्वको प्रतिनिधिमण्डलले नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति बैरागी काइँलासँग भेट गरी नेपाली भाषा र साहित्यको प्रबर्द्धनमा एकजुट हुनेबारे छलफल गरेको छ। प्रतिष्ठान र संघबीच पछिल्लो विश्व सम्मेलनमा भएको नेपाली भाषा, साहित्यको उत्थानमा सहकार्य गर्ने औपचारिक सहमतिप्रति खुशी व्यक्त गर्नुभयो। प्रतिष्ठानका कुलपति काइँलाले नेपालको साहित्य, संस्कृति, भाषा र कलाको जगेर्ना गर्ने अभियानमा विश्वका ६६ मुलुकमा सञ्जाल विस्तार गर्न सक्षम गैरआवासीय नेपाली संघसँग हातेमालो गर्न पाउनु आफूहरूका लागि झनै खुशीको विषय भएको बताउनुभयो। भेटमा संघका निर्वतमान अध्यक्ष जीवा लामिछानेले स्थापनाको एक दशक सञ्जाल विस्तार र सुदृढीकरणमा खर्चिएको तथा अबका दिनमा आफ्ना उद्देश्यलाई मूर्त रूप दिन अझ सशक्त काम गर्ने जानकारी गराउनुभयो।

लगानी

# प्रबर्द्धनमा केन्द्रित



गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घलेले विभिन्न मन्त्री, उच्चपदस्थ सरकारी अधिकारी लगायतसँग भेट गरी नेपालमा लगानी प्रवर्द्धनका सम्भावना र यसका लागि आवश्यक वातावरण निर्माणका विषयमा छलफल गर्नुभएको छ । अर्थमन्त्री शंकरप्रसाद कोइरालासँगको भेटमा घलेले मुलुकमा रोजगारी सिर्जना गर्ने र पूर्वाधारजन्य परियोजनालाई प्राथमिकता दिने गैरआवासीय नेपाली संघको रणनीति रहेको बताउनुभयो। उहाँले यस्ता परियोजना सञ्चालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेका जग्गाहरू लिजमा लिई सहकार्य गर्न समेत संघ इच्छुक रहेको जानकारी गराउनुभएको थियो । दोहोरो कर प्रणाली, गैरआवासीय नेपाली र वैदेशिक लगानी सम्बन्धमा, वैदेशिक रोजगारी राहत कोष स्थापना र अन्य सरोकारका विषयमा पनि घलेले जानकारी गराउनुभएको थियो ।

पर्यटन तथा नागरिक उड्डयन मन्त्री रामकुमार श्रेष्ठसँग भएको भेटमा अध्यक्ष घलेले नेपालको आर्थिक र पर्यटनको विकासका लागि संघ तयार रहेको बताउनुभयो। सो अवसरमा मन्त्री श्रेष्ठले नेपालको पर्यटन प्रवर्द्धनमा गैरआवासीय नेपालीहरू र संघले खेलेको भूमिकाको प्रशंसा गर्दै नेपालको पर्यटन प्रवर्द्धनको लागि मन्त्रालय सहकार्य गर्न सदा तत्पर रहेको बताउनुभएको थियो । दुवै भेटमा गैरआवासीय नेपाली संघका निवर्तमान अध्यक्ष जीवा लामिछाने, अमेरिकाजका क्षेत्रीय उपसंयोजक सोनाम लामा लगायतको सहभागिता रहेको थियो ।

संघको नयाँ कार्यसमितिको पहिलो बैठककै मुख्य एजेन्डा लगानी प्रबर्द्धन रहेको थियो । बैठकले गैरआवासीय नेपालीहरूको पूँजी तथा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न लगानीमैत्री वातावरण आवश्यक पर्ने भएकाले त्यसका लागि सरकार तथा सम्बन्धित क्षेत्रसँग निरन्तर लविङ गर्नुपर्नेमा विशेष जोड दिएको थियो । लगानीयोग्य सम्भावित परियोजना तथा विकल्पबारे कार्यसमितिमा विस्तृत छलफल गर्दै त्यसका लागि थप अध्ययन गर्ने निर्णय बैठकले गरेको छ ।

यसैगरी उद्योग सचिव कृष्ण ज्ञवालीसँगको भेटमा संघका अध्यक्ष घले नेतृत्वको टोलीले गैरआवासीय नेपालीहरूलाई लगानीका लागि प्रक्रियागत सरलीकरणका लागि सुझाव दिएको थियो । अध्यक्ष घलेले नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडासँग भेट गरी नेपालमा लगानी प्रबर्द्धन गर्न आफूहरू प्रतिवद्ध रहेको जानकारी गराउनुभयो । सो अवसरमा गभर्नर डा. खतिवडाले गैरआवासीय नेपालीहरूले नेपालमा व्यक्तिगत तथा समूहगत रूपमा लगानी गर्दै आएको भए तापनि खासै महशूस हुन नसेको विश्लेषण गर्दै म्युचुअल फण्ड मार्फत लगानी गर्न समेत सूझाव दिनुभयो । यसैगरी नेपाल पूर्वाधार विकास कम्पनीका अध्यक्ष कुशकुमार जोशीसँगको भेटमा हेटौंडा-काठमाडौं सुरुङ मार्ग निर्माणका विषयमा छलफल भएको थियो । ◆

## एनआरएनको पाँचतारे होटल

**गैरआवासीय** नेपालीले नेपालमा पाँचतारे होटल निर्माण गर्ने भएका छन् । अन्तर्राष्ट्रिय कम्पनीको ब्रान्डमा ल्याउने तयारी गरिएको उक्त होटल डिलक्स २ सय कोठाको हुनेछ । "धेरै विदेशी कम्पनी नेपाल आउन तयार छन्", एनआरएनए अध्यक्ष घलेले भन्नुभयो, "होटल खोल्नका लागि सम्भाव्य स्थान खोज्न तत्काल थालिनेछ ।"

संघको नयाँ कार्यसमितिको पहिलो बैठकले होटल स्थापनाको निर्णय गरेर तयारी थालेको हो । घलेले आफ्नो होटल खोल्ने प्रक्रियाको अनुभवले एनआरएनएलाई पनि नयाँ होटल खोल्न सहयोग पुग्ने बताउनुभयो । एनआरएनएबाट खोलिने होटलको सम्भाव्य स्थान काठमाडौं, लुम्बिनी, पोखरा लगायतका क्षेत्र हुने छन् । २ सय कोठाको होटल खुल्यो भने त्यसले कम्तीमा ४ सय जनालाई रोजगारी अनुमान छ ।

संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्को नवनिर्वाचित कार्यसमितिको पहिलो बैठकले नेपालको दिगो आर्थिक विकास, रोजगारी सिर्जना र पर्यटन उद्योगको विकासलाई प्राथमिकता दिँदै नेपालमा गैरआवासीय नेपालीको लगानीमा नयाँ पाँचतारे होटल स्थापनाका लागि सम्भाव्यता अध्ययन प्रक्रियालाई अगाडि बढाउने निर्णय गरेको थियो । अध्यक्ष घलेले आफ्नै लगानीमा पनि काठमाडौंमा सेराटन ब्राण्डमा पाँचतारे होटलको निर्माण थालिसक्नुभएको छ ।

## अन्तर्राष्ट्रिय ट्रेड फेयरमा नेपाल अतिथि



**बेल्जियममा** सम्पन्न ६८औं फ्लान्दरन अन्तर्राष्ट्रिय ट्रेड फेयरमा अतिथि राष्ट्रका रूपमा नेपालका अर्थ तथा वाणिज्य मन्त्री शंकरप्रसाद कोइरालाले सम्बोधन गर्नुभयो । १४ सेप्टेम्बर २०१३ मा विश्वका ६० देशका ६ सय प्रतिनिधिमाझ कोइराला र बेल्जियमका उपप्रधानमन्त्री पेटर द क्रिमले मेलाको उद्घाटन गर्नुभएको थियो । सन् १९४६ देखि आयोजना हुँदै आएको बेनेलक्स मुलुकहरूकै ठूलोमध्ये एक व्यापारिक मेलामा नेपालजस्तो सानो अन्तर्राष्ट्रिय व्यापार भएको देशले विशिष्ट अतिथिका रूपमा सहभागी हुन पाउनु गौरवपूर्ण हो । सो अवसरमा नेपाली उद्योग व्यवसाय क्षेत्रका प्रतिनिधिहरूले फ्लान्दरन च्याम्बर अफ कमर्श बेल्जियमका अन्तर्राष्ट्रिय विभाग प्रमुखसँग द्विपक्षीय छलफल गरेका थिए । मेलामा नेपाली उत्पादन र पर्यटन प्रवर्द्धनका अतिरिक्त नेपाली संस्कृति झल्कने विभिन्न प्रस्तुति र कार्यक्रम आयोजना गरिएको थियो ।

## खुला विश्वविद्यालय र सीप विकासबारे छलफल

**संघका** अध्यक्ष शेष घले र शिक्षामन्त्री माधवप्रसाद पौडेलबीच खुला विश्वविद्यालय र सीप विकासमा जोड दिनेबारे छलफल भएको छ । शिक्षामन्त्री पौडेलसँगको भेटमा अध्यक्ष घलेले खुला विश्वविद्यालय अभियानमा शिक्षामन्त्रीसहित मन्त्रालयले दिएको महत्व, बजेट र विधेयक निर्माणमा देखाएको चासोप्रति आभार व्यक्त गर्नुभयो । मन्त्री पौडेलले खुला विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिलाई आफूले धेरै पटक विधेयक तयार गर्न अनुरोध गर्दा पनि पूरा नभएकोमा दु:ख व्यक्त गर्दै विधेयक तयार गरिएमा मन्त्रिपरिषद्बाट पारित गराई संसद्मा पेश गर्न आफू प्रतिबद्ध रहेको उहाँले जानकारी दिनुभयो । सो भेटमा खुला विश्वविद्यालय तदर्थ समितिका सदस्य सचिव डा. प्रमोद ढकालको पनि सहभागिता रहेको थियो ।




# राहत कोष स्थापना

**गैरआवासीय** नेपाली संघले खाडी लगायतका श्रम गन्तब्यमा गएर अलपत्र पर्ने, अंगभंग हुने र उद्दारको अभावमा कठिन जीवन बिताउन बाध्य नेपाली श्रमिकहरूका लागि बैदेशिक रोजगार कल्याणकारी कोष स्थापना गरेको छ । नयाँ संरचनाअनुसार एनआरएनको 'बैदेशिक रोजगार तथा आप्रवासी कामदार भलाई समिति' अर्न्तगत रहने यो कोषमा गैरआवासीय नेपालीहरूको सहयोग रकम रहने छ । जसका लागि एनआरएन अध्यक्ष शेष घलेले १ करोड रुपैयाँ सहयोग घोषणा गर्नुभएको छ ।

नेपाल सरकार, बैदेशिक रोजगार प्रर्बद्धन बोर्ड अर्न्तगत सरकारले बेग्लै कल्याणकारी कोष संचालन गरिरहेको भए पनि त्यसले बैधानिक र कागजी प्रकृया पुरा गरेका नेपालीलाई मात्र समेट्ने भएकाले सवैखाले नेपाली कामदारको राहतका लागि गैरआवासीय नेपाली संघले बेग्लै कोष स्थापना गरेको हो । कोषको नेतृत्व गरिरहनुभएका अध्यक्ष भलेले कोष संचालनका लागि पूर्व तयारीको काम भइरहेको बताउनुभयो । सरकारसँग पनि सहकार्यका लागि कुराकानी भइरहेको उहाँले जानकारी दिनु भयो । स्वतन्त्र समितिमार्फत कोषको संचालन गर्ने र त्यसमा गैरआवासीय नेपाली संघको पनि प्रतिनिधित्व रहने ब्यबस्था गर्दा बिश्वसनीय हुने उहाँको भनाइ छ ।

## प्रत्येक गाविसमा वैदेशिक रोजगार सम्बन्धी पुस्तक



**वैदेशिक** रोजगारीमा जानुभन्दा अगाडि नै सबै विषयको जानकारी प्राप्त गर्न सकिने हाते पुस्तिका तयार गरी वितरण शुरू गरिएको छ । यो पुस्तिका जिविस मार्फत प्रत्येक गाविस र नगरपालिकामा पुऱ्याउने काम शुरू भएको छ । ३ हजार ९ सय ७३ गाविसलाई एक–एक थान र ७५ वटै जिविसहरूलाई ५ वटा पुस्तक छुट्टै दिइने छ । 'वैदेशिक रोजगार कामदारहरूले जान्नै पर्ने कुराहरू' नाम दिइएको यस पुस्तकले वैदेशिक रोजगारमा जाने नेपालीहरूको रोजगार र प्रवासको बसाइ सहज र सुरक्षित बनाउन थप मद्दत पुग्ने विश्वास लिइएको छ ।

## वैदेशिक रोजगारीका समस्यामा चासो

**वैदेशिक** रोजगारीमा गएका नेपालीका समस्याहरूप्रति सरकार अत्यन्तै संवेदनशील रहेको श्रम तथा रोजगार मन्त्री हरिप्रसाद न्यौपानेले बताउनुभएको छ । संघका अध्यक्ष शेष घलेसँगको भेटमा मन्त्री न्यौपानेले वैदेशिक रोजगारीलाई सहज, सुरक्षित र मर्यादित बनाउन सबै सरोकारवालाहरूसँग सहकार्य गरेर अगाडि बढ्न सरकार अग्रसर रहेको पनि बताउनुभयो । मन्त्रालयका सचिव सुरेशमान श्रेष्ठले नेपाल सरकारले वैदेशिक रोजगार सम्बन्धी सेवाहरू विकेन्द्रीकृत गरी ग्राहकमुखी बनाउन मलेशिया, कतार र साउदी जानेका लागि अलगअलग कार्यालयहरू स्थापना गर्ने तथा देशका विभिन्न भागमा समेत वैदेशिक रोजगारका कार्यालयहरू स्थापना गर्न लागेको अवगत गराउनुभयो । यसका साथै बार कोडको व्यवस्थाद्वारा वैदेशिक रोजगारीमा जाने प्रक्रिया सरलीकृत गर्दै विद्युतीय सूचना प्रणालीको स्थापना गरेको पनि जानकारी गराउनुभयो ।

## यूएन वुमनका प्रतिनिधिसँग भेट

**संघका** अध्यक्ष शेष घलेले यूएन वुमनका सहआवासीय प्रतिनिधि गीताञ्जली सिंह तथा सरू जोशीसँग भेट गर्दै वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकहरूको हकहित र सुरक्षित तथा मर्यादित आप्रवासनप्रति अत्यन्तै संवेदनशील रहेको भन्दै यस कार्यमा यूएन वुमनसँग रणनीतिक साझेदारी र सहकार्यका लागि समझदारीपत्रको खाका तयार पार्न आग्रह गर्नुभएको छ ।



# छात्रवृत्ति अक्षयकोष

**एनआरएन** साइप्रसका तर्फबाट आइसीसी प्रतिनिधि रञ्जितकुमार महतोले आफ्ना स्वर्गीय बुबा हरेराम महतोको नाममा महोत्तरी जिल्लास्थित श्रीराम उच्च माविमा रू.२ लाख बराबरको छात्रवृत्ति अक्षय कोष स्थापना गर्नुभएको छ । यस्तै म्याग्दीको पुल्चोक गाविसमा रहेको जगन्नाथ प्राविमा एनआरएन साइप्रसले रू.४० हजार बराबरको छात्रवृत्ति र पाठ्यसामग्री वितरण गरेको छ ।

साइप्रसमा निधन भएकी रेनु शेर्पाको शव नेपाल पठाउन एनआरएन साइप्रसको पहलमा त्यहाँ रहेका नेपालीहरूले रू.३ लाख सहयोग गर्नुभएको छ भने साइप्रसमै निधन भएका अर्का नेपाली कृष्ण शेखर बिसुन्खेको शव स्वदेश पठाउन एनआरएन साइप्रसले विषेश भूमिका खेलेको छ ।

## उपाध्यक्ष भट्टद्वारा विद्यालयलाई ५० लाख



**गैरआवासीय** नेपाली संघका उपाध्यक्ष तथा टिबिआई समूहका अध्यक्ष भवन भट्टले गोरखाको शिद्धकाली उच्च माविलाई रू.५० लाख सहयोग गर्ने घोषणा गर्नुभएको छ । विद्यालयको ५३औं वार्षिकोत्सव समारोहलाई विशिष्ट अतिथिको आसनबाट सम्बोधन गर्दै भौतिक पूर्वाधार तथा शैक्षिक स्तरोन्नतिका लागि गैरआवासीय नेपालीको हैसियतले उक्त सहयोग घोषणा गर्नुभएको हो । शिद्धकालीमा उपाध्यक्ष भट्टले बाल्यकालमा अध्ययन गर्नुभएको थियो । संघका उपाध्यक्ष भट्टले 'एक दिन–एक दान' अभियान अन्तर्गत प्रत्येक दिन विभिन्न क्षेत्रमा दान गर्दै त्यसको विवरण सामाजिक सञ्जाल फेसबुक मार्फत सार्वजनिक गर्दै आउनुभएको छ ।

## कारागारका कामदारलाई छुटाउन पहल

**एनआरएन** लेबनानले कारागारमा रहेका नेपालीहरूलाई छुटाएर नेपाल फिर्ता पठाउन पहल गरिरहेको छ । संघले कारागारमा रहेका नेपालीलाई महिनामा दुई पटक फलफूल र खाना खुवाउने कार्यक्रम समेत गरिरहेको छ । संघले जेलमा रहेकी हरिमाया थिङलाई टिकट सहयोग गरेर नेपाल फिर्ता पठाएको छ भने विभिन्न समस्यामा परेका घरेलु महिला कामदारको पासपोर्ट नवीकरण गर्न, ट्राभल डकुमेन्ट बनाउन, बिचल्लीमा परेकाको उद्धार गर्न पनि सहयोग गरिरहेको छ ।

## अष्ट्रेलियाले बृद्धाश्रम बनाउने

**एनआरएन** अष्ट्रेलियाले मोरङको विराटनगरमा स्थानीयको बृद्धाश्रम निर्माण तथा सञ्चालन गर्न विराटनगर उपमहानगरपालिकासँग सम्झौता गरेको छ । पाथिभरा जेष्ठ नागरिक बृद्धाश्रम नाम दिइएको उक्त बृद्धाश्रम उप महानगरपालिकाले उपलब्ध गराउने जमिनमा भवन तथा भौतिक पूर्वाधार निर्माण गरी सञ्चालनका लागि एनआरएनए अष्ट्रेलियाले अक्षयकोषको समेत स्थापना गर्नेछ । सम्झौतामा एनआरएनए अष्ट्रेलियाका तर्फबाट अध्यक्ष महेन्द्र ओली र उपमहानगरपालिकाका कार्यकारी अधिकृत प्रदीपकुमार निरौलाले हस्ताक्षर गर्नुभएको हो ।



*महिला भेलामा सहभागीहरू ।*

## बेल्जियमबाट ३० हजार यूरो संकलन

**गैरआवासीय** नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् बेल्जियमले परोपकारी सहायता कोषका लागि ३० हजार यूरो संकलन गरेको छ । ४ जनवरीमा आन्त्रोपेन शहरमा सम्पन्न नयाँ वर्ष सांस्कृतिक साँझबाट कोषका लागि सो रकम संकलन गरिएको हो । सो अवसरमा महिलाका मुद्दाबारे गहकिलो छलफल भएको थियो ।

एनआरएनए आइसीसी अध्यक्ष शेष घले, प्रमुख संरक्षक राम थापा, महासचिव कुमार पन्त, एनआरएनए महिला संयोजक सपिला राजभण्डारी तथा उपसंयोजक रजनी प्रधान लगायतको उपस्थितिमा भएको कार्यक्रममा घरेलु हिंसा, कानूनी अवस्था र समाधान, महिलाका अवसर र चुनौती, महिला फोरम निर्माण, परोपकार परियोजना, नेपालको आसन्न संविधानमा महिला अधिकारको व्यवस्था, एनआरएनएमा महिला सहभागिता, अन्तर्राष्ट्रिय महिला दिवस मनाउने लगायत विषयमा छलफल भएको थियो । बैठकले महिला फोरममा सल्लाहकार कमिटी गठन, महिला अधिकार र अवसरका बारेमा महिला फोरमले काम गर्ने, परोपकार परियोजना सञ्चालन गर्ने लगायतका निर्णय गरेको छ । भेलामा विभिन्न मनोरञ्जनात्मक र सांस्कृतिक कार्यक्रम पनि आयोजना गरिएको थियो ।

## महावीर पुनलाई सहयोग



**एनआरएन** न्युजिल्याण्डले महिनाको एक डलर परियोजना अन्तर्गत संकलित रू.२ लाख ८० हजार रूपैयाँ म्यागासेसे पुरस्कार विजेता महावीर पुनलाई प्रदान गरेको छ । न्युजिल्याण्डले नेपाल हाउस निर्माणार्थ आवश्यक जग्गा र आर्थिक सहयोगका लागि न्युजिल्याण्डका सरकारी अधिकारीहरूसँग पनि पहल थालेको छ । अध्यक्ष चक्रबहादुर थापाले गैरआवासीय नेपाली भवन निर्माणका लागि एक हजार डलर सहयोग गर्नुभएको छ । त्यसैगरी दैविप्रकोप पीडित सिरहा र पोखराका पीडितलाई रू.८७ हजार र पश्चिम नेपालका बाढीपीडितलाई रू.१ लाख १४ हजार सहयोग गरिएको छ ।

## पाल्पालीलाई १ लाख

**एनआरएनए** नाइजेरियाले पत्रकार कवि बिके पाल्पालीको उपचारका लागि रू. १ लाख सहयोग गरेको छ । एनआरएनए अफ्रिकाका क्षेत्रीय संयोजक हिक्मत थापाको पहलमा पत्रकार पाल्पालीलाई नाइजेरियामा रहेका नेपालीहरूबाट उक्त रकम जम्मा भएको छ । नाइजेरियामा रहेका संजीव क्षत्री, प्रज्ञा माथेमा, बाबु शर्मा, कान्छा तामाङ, मनु थापा, उमेश कट्टेल, डा. ताराप्रसाद श्रेष्ठ, अच्युत नेपाल, परशु नेपाल, वीरेन्द्र गुप्ता, विश्वास पौडेल, हिक्मत थापा र चिरञ्जीवी रोकाले सो रकम सहयोग गर्नुभएको हो ।



## कतारमा परिषद् भेला

**गैर**आवासीय नेपाली संघ एनसीसी कतारले स्थापनाको एक दशक पार गरेको अवसरमा गत ३१ जनवरीमा दोस्रो परिषद् भेला आयोजना गरिएको छ । आइसीसी उपाध्यक्ष टिबी कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रम संस्थाका अध्यक्ष मक्सुद आलमको सभापतित्वमा सम्पन्न भयो । कार्यक्रममा एनआरएन कतारको पाँचौं साधारणसभाबाट निर्वाचित कार्यसमितिले हनिमुन अवधिमा गरेका प्रगतिहरूको विवरण प्रस्तुत गरिएको थियो ।

## तान्जानियामा फुटबल

**तान्जानियाको** आयोजनामा दार ए सलामस्थित फंकीज इन्डोर स्टेडियममा तान्जानियामा रहेका नेपाली तथा भियतनामी समुदायबीच मैत्रीपूर्ण फूटबल खेल सम्पन्न भयो । उक्त खेलमा नेपालले भियतनामलाई २ का विरूद्ध ५ गोलले पराजित गर्‍यो । गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्य भरत रिजालले उद्घाटन गरेको उक्त खेलका विजयी टिमका खेलाडीहरूलाई गैरआवासीय नेपाली संघ तान्जानियाका उपाध्यक्ष रमेशकुमार पौडेलले पुरस्कार वितरण गर्नुभएको थियो ।



## जाम्बियामा राजदूतको स्वागत

**जाम्बियाका** राष्ट्रपतिलाई आफ्नो ओहोदाको प्रमाणपत्र पेश गर्न आउनुभएका दक्षिण अफ्रिकाका लागि नेपाली राजदूत अरूण धितालालाई एनआरएनए जाम्बियाले नोभेम्बर २०१३ को पहिलो साता स्वागत गरेको छ । कार्यक्रममा राजदूत धितालले एनआरएनए अफ्रिकासँग सहकार्य गर्न आफूहरू तयार भएको बताउनुभयो । अफ्रिकामा फैलँदो नेपाली संख्या र बढ्दो समस्याबारे आफूले चासो दिएको उहाँले जानकारी दिनुभयो ।

## युगाण्डामा उद्धार

**संयुक्त** राष्ट्रसंघीय शान्ति सेनामा जागिर लगाइदिने भन्दै मानव तस्करहरूले दिल्ली-मुम्बई हुँदै युगान्डा पुर्‍याएर अलपत्र पारिएका नुवाकोटका सोनाम तामाङ र सुनसरीका पर्वत आचार्यलाई गैरआवासीय नेपाली संघ, युगाण्डाका पदाधिकारीले उद्धार गरी गत ५ जनवरीमा नेपाल फर्काउनुभएको छ । युगाण्डामा अलपत्र उहाँहरू गैरआवासीय नेपाली प्रतिनिधि नरेन्द्र कार्कीको सम्पर्कमा आएपछि संरक्षण गरेर संघले घर फर्काएको हो । एनआरएनए युगान्डाका सदस्यहरूले ९ सय ८ डलर संकलन तथा ७ सय डलर पीडितका परिवारबाट मगाएर हवाइ टिकट खरिद गरिएको थियो । उहाँहरूलाई मानव तस्करहरूले जनही ३ लाख ७५ हजार लिएर युगान्डा पुर्‍याएका थिए ।

## भूपू गोरखाको सम्झना

**मलेशियाको** पेनाङमा २४ नोभेम्बरमा भूपू गोर्खा सैनिकको सम्झनामा १२ औं वार्षिक सम्झना दिवसको आयोजना गरियो । कार्यक्रममा मलेशियाका लागि नेपाली राजदूत डा. निराजनमानसिंह बस्नेत, आइसीसी मलेशियाका भवानी शंकर तिवारी, एनसीसी अध्यक्ष शंकरबहादुर पौडेलको समेत उपस्थिति थियो । प्रथम र दोस्रो विश्वयुद्धमा कमनवेल्थ राष्ट्रको पक्षबाट गोर्खा सैनिकले मलेशियामा बहादुरी देखाएका थिए ।



## एक दशकको सम्झना

**गैरआवासीय** नेपाली अभियानको एक दशक पुगेको अवसरमा १६ डिसेम्बरमा रूसमा भव्य कार्यक्रम आयोजना गरिएको छ । मस्कोस्थित नेपाली राजदूतावसमा आयोजित कार्यक्रममा आदिकवि भानुभक्त आचार्यको द्विशताब्दीय जन्म जयन्तीप्रति समर्पित 'लोकको गरूँ हित भनी' शिर्षकको कविता संग्रह लोकार्पण गरिएको थियो । सन् २०११-१३ को कार्यकाल सफलतापूर्वक सम्पन्न गरी संघ दर्ता गर्न समेत सफल निवर्तमान अध्यक्ष जीवा लामिछानेलाई कार्यक्रममा सम्मान गरिएको थियो । नेपाली भाषाको संरक्षणमा सक्रिय कृष्णप्रकाश श्रेष्ठ, संघका नवनिर्वाचित कोषाध्यक्ष डा. बद्री केसी, गोविन्द्र गौतम र सपिला राजभण्डारी लगायतलाई पनि प्रशंसापत्र प्रदान गरिएको थियो ।

## रूसमा स्वर्ण महोत्सव

**रूस**-नेपाल मैत्री तथा सहयोग समाज स्थापनाको ५० वर्ष पूरा भएको उपलक्ष्यमा मस्कोस्थित नेपाली राजदूतावासमा स्वर्ण महोत्सव आयोजना गरिएको छ । रूसका लागि नेपाली राजदूत डा. रविमोहन सापकोटा दम्पतिका साथै राजदूतावास परिवारका सदस्य, गैरअवासीय नेपाली संघ रूसका पदाधिकारी तथा रूसमा रहेका अन्य विभिन्न संस्थाका प्रतिनिधिहरू समारोहमा सहभागी हुनुहुन्थ्यो । समाजको स्वर्ण जयन्तीको पहिलो दिन नोभेम्बर २३ मा मस्कोस्थित एक रेष्टुरेन्टमा सन्ध्याभोजको आयोजना गरिएको थियो । स्वर्ण महोत्सवमा भाग लिन नेपालबाट नेपाल-रूस मैत्री तथा सांस्कृतिक संघका केन्द्रीय सदस्य तथा पोखरा उपमहानगरपालिका इन्जिनियर शारदामोहन काफ्लेको नेतृत्वमा सात सदस्यीय टोली सहभागी थियो ।

## कन्सुलर र राहदानीबारे अन्तर्क्रिया

२६ जनवरी २०१४ फ्रान्सस्थित नेपाली राजदूतावासमा विदेशमा बस्ने नेपालीहरूले राहदानी प्राप्त गर्ने तरिका तथा कन्सुलर विषयमा अन्तर्क्रिया सम्पन्न गरिएको छ । फ्रान्सस्थित राजदूत मोहनकृष्ण श्रेष्ठले २९ डिसेम्बरमा ग्रयान कानारी र ३० डिसेम्बरमा बार्सिलोनामा एनआरएनहरूले आयोजना गरेको कार्यक्रममा प्रतिबद्धता जनाउनु भएबमोजिम दूतावासले सो कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा एनआरएन युरोप संयोजक अर्जुन श्रेष्ठ, सहसंयोजक सोमनाथ सापकोटा र महिला संयोजक रजनी प्रधानसहित एनआरएन फ्रान्स, पोर्चुगल र स्पेनका अध्यक्षहरू क्रमशः घनश्याम पौडेल, रमेश गुरूङ, एकराज गिरी सहित ती देशमा रहेका गैरआवासीय नेपालीहरूको सहभागिता थियो । यस्तै गत नोभेम्बर



५ मा फ्रान्सस्थित नेपाली राजदूतावासमा रात्रिभोज आयोजना गरियो । कार्यक्रममा फ्रान्समा बसोबास गरिरहेका नेपालीका अतिरिक्त फ्रान्सका उद्योगी र व्यवसायीको समेत सहभागिता थियो । एनआरएन फ्रान्सका निवर्तमान अध्यक्ष निर्मल अर्यालको विशेष पहलमा सम्पन्न कार्यक्रममा नेपालमा फ्रान्सेली लगानी भित्र्याउने सन्दर्भमा उपस्थित फ्रान्सेली व्यवसायी तथा नेपालीहरूसँग छलफल भएको थियो ।

## गोर्खा सत्याग्रहमा ऐक्यबद्धता

**गैरआवासीय** नेपाली संघ यूकेले गोर्खा सत्याग्रह संयुक्त समितिका निर्देशक ज्ञानराज राईले गोर्खाहरूको समान अधिकारको माग गर्दै बेलायती प्रधानमन्त्रीको कार्यालय टेन डाउनिंग स्ट्रिटमा शुरू गर्नुभएको आमरण अनशनमा ऐक्यबद्धता देखाएको छ । व्यक्तिगत र संस्थागत भेट मात्र नभएर एनआरएन यूकेले अभियानकर्ताहरूको आर्थिक सहयोगार्थ दुई हजार पाउण्ड भन्दा बढी रकम हस्तान्तरण समेत गरेको छ । त्यस्तै, सेप्टेम्बर १६ तारिखमा बेलायतमा असामयिक निधन भएका विद्यार्थी रमेश लामाको शवलाई नेपाल पठाउनका लागि एनआरएन यूकेले दुई हजार तीन सय ५० पाउण्ड सहयोग गर्‍यो ।



## कतारमा विविध गतिविधि

**एनआरएन** कतारले पछिल्ला करिब ४ महिनाको अवधिमा १५० जना भन्दा बढीलाई सहयोग तथा अलपत्रको उद्धार गरेको छ । १० जनवरी २०१४ मा कतारको स्वास्थ्य संस्था एट्लास पोलिक्लिनिकको सहयोगमा नेपालीहरूका लागि निःशुल्क मेडिकल शिविर आयोजना गरिएको छ । कतारले ३ अक्टोबर २०१३ मा एएफसी यू- १९ च्याम्पियन खेल खेल्न कतार आएको नेपाली फुटबल टोलीलाई स्वागत तथा सम्मान समेत गरेको छ । १५ नोभेम्बर २०१३ मा एम्नेष्टी इन्टरनेशनलका महासचिव सहितको टोलीसँग एनसीसी कतारले सुरक्षित आप्रवासन तथा श्रमिक अधिकारका विषयमा अन्तर्क्रिया गरेको थियो । एनसीसी कतारले विभिन्न चाडपर्वका अवसरमा विभिन्न सांस्कृतिक कार्यक्रमको पनि आयोजना गर्दैआएको छ ।

## पासपोर्ट नवीकरण सहज गरिदै

**नयाँ** वर्ष- २०१४ को अवसर पारेर गत ३ जनवरीमा एनआरएनए साउदीको पूर्वी क्षेत्रीय समन्वय समितिले पिकनिक तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । साउदी अरबमा नेपाली कामदारहरूलाई खड्किएको पासपोर्ट नवीकरणको समस्याबारे अन्तर्क्रिया गरिएको थियो । अन्तर्क्रिया गरी कार्यक्रम स्थलमै बसेको एनआरएनए साउदी अरबको पाँचौं पूर्ण बैठकले संस्थाका बिभिन्न निकायका पदाधिकारीहरूलाई स्वयंसेवकको रूपमा परिचालिन गर्ने निर्णय गरेको थियो । सरकारी राजश्व ३१० रियल मात्र लिएर नेपाली कामदारलाई पासपोर्ट नवीकरणमा सघाउने, तथा बाँकी सेवा पूर्ण निःशुल्क गर्दै स्वयंसेवकहरूले पासपोर्टको फारम भरिदिने, राजश्व बुझिदिने र अन्य आवश्यक सहयोग गर्ने निर्णय पनि बैठकले गरेको छ ।

## लेबनानका श्रममन्त्रीसँग छलफल

**लेबनानको** गैरसरकारी संस्था केएएफएले १४ जनवरी २०१४ मा आयोजना गरेको 'आप्रवासी घरेलु कामदारहरूको समस्या एवं हक–अधिकार' विषयक गोष्ठीमा एनआरएनए लेबनानका अध्यक्ष देवीमाया लिम्बू सहितका प्रतिनिधिले लेबनानका श्रममन्त्रीसँग श्रम समस्याका विषयमा छलफल गरेका छन् । गोष्ठीमा बेलायतबाट अन्तर्राष्ट्रिय श्रम संगठनका प्रतिनिधि, नेपालका श्रमसचिव सुरेशमान श्रेष्ठ, नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) का सदस्य एवं सभासद पेम्बा शेर्पा लगायत विभिन्न गैरसरकारी संस्थाका प्रतिनिधीहरूको सहभागिता थियो । कार्यक्रममा श्रमसचिव श्रेष्ठले कानूनी तवरले लेबनानमा कामदार पठाउन नेपाल सरकार तयार रहेको बताउनुभयो भने एनआरएनए अध्यक्ष लिम्बूले हतारमा लेबनान सरकारसँग कुनै सम्झौता नगर्न नेपाल सरकारलाई अनुरोध गर्नुभयो ।

## टोरोन्टोमा टोपी इभेन्ट



**नेपाली** राष्ट्रियताको पहिचान टोपीलाई देश बाहिर पनि जोगाइराख्न क्यानडामा नेपाली टोपी इभेन्ट अभियान शुरू गरिएको छ । इभेन्टको शुरूवातमा टोरोन्टो साहित्य समाजको आयोजनामा विशाल टोरोन्टोमा बसोबास गर्ने नेपालीहरूको समूहले नोभेम्बर २४ मा नेपाली राजदूत डा. भोजराज घिमिरेको विदाई कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा सबै सहभागीहरू अनिवार्य रूपमा नेपाली टोपी लगाएर उपस्थित भएका थिए ।

## अन्तर्राष्ट्रिय समन्वय परिषद्का गतिविधिहरू

(२३ अक्टोबर २०१३ देखि २०१५ अक्टोबरसम्म)

### सन् २०१३

**२३** अक्टोबर: परराष्ट्रमन्त्री माधवप्रसाद घिमिरेले आयोजना गर्नुभएको रात्रिभोजमा संघका अध्यक्ष शेष घले लगायत नवनिर्वाचित पदाधिकारीहरूको सहभागिता ।

**२४** अक्टोबर: संघको एक प्रतिनिधि मण्डलद्वारा अर्थमन्त्री र शिक्षामन्त्रीसँग छुट्टाछुट्टै भेट ।

नेपाल सरकारका प्रतिनिधिहरू र मिडिया हाउसबीच मैत्रीपूर्ण क्रिकेट प्रतियोगितामा सम्पन्न । प्रतियोगितामा नेपाल सरकारका तर्फबाट मुख्यसचिवको नेतृत्वमा सचिव, उच्चपदस्थ कर्मचारी र मिडिया हाउसका तर्फबाट गैरआवासीय नेपाली संघका पदाधिकारी सहभागी ।

नेपाल सरकारका मुख्यसचिव लिलामणि पौडेलले आयोजना गर्नुभएको रात्रिभोजमा संघका अध्यक्ष लगायत अन्य पदाधिकारीको सहभागिता ।

**२५** अक्टोबर: संघका पदाधिकारीहरू र नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारीहरूबीच छलफल । महासंघका अध्यक्ष सुरज वैद्य तथा पदाधिकारीहरू र गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घले तथा पदाधिकारी सहभागी रहेको बैठकमा नेपालमा लगानीका साथै अन्य क्षेत्रहरूमा सहकार्य गर्नेबारे जोड ।

अन्तर्राष्ट्रिय समन्वय परिषद्को ३९औं तथा नयाँ कार्यसमितिको पहिलो बैठक सम्पन्न भयो । उक्त बैठकमा गैरआवासीय नेपाली संघको भवन निर्माणको लागि कार्यसमितिका सदस्यहरूबाट रकमको घोषणा, प्रवक्ताको चयन, कार्यदल गठन, क्षेत्रीय सम्मेलन, अक्षयकोषका साथै अन्य सरोकारका विषयमा छलफल ।

**२६** अक्टोबर: छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन, गैरआवासीय नेपालीहरूको लगानी, वैदेशिक रोजगार, नागरिकता निरन्तरता र संघ सम्बन्धी विषयहरूमा पत्रकार सम्मेलन गरी जानकारी ।

**८** नोभेम्बर: अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको पहिलो बैठक सम्पन्न ।

**२५** नोभेम्बर : संघका अध्यक्ष शेष घले र परराष्ट्रमन्त्री माधवप्रसाद घिमिरेबीच परराष्ट्र मन्त्रालयमा भेट ।

**२६**-२८ नोभेम्बर: संघका अध्यक्ष शेष घलेद्वारा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीसँग भेट गरी संघको चासोका विषयमा जानकारी । त्यस्तै अध्यक्ष घलेद्वारा श्रममन्त्री हरिप्रसाद नेपाल, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा गैरआवासीय नेपाली सल्लाहकार बोर्डका अध्यक्ष रवीन्द्रकुमार शाक्य, मुख्यसचिव लिलामणि पौडेल, लगानी वोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्त आइएलओका निर्देशक जोसे आसालिनो, नेपालस्थित संयुक्त राष्ट्रसंघका प्रतिनिधि प्रमुख जेमी म्याक्गोल्डरिक, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष सुरज वैद्यसँग छुट्टाछुट्टै भेट गरी विभिन्न विषयमा छलफल ।

**२८** नोभेम्बर: गैरआवासीय नेपाली कार्यदलको पूर्ण मूल्यांकन बैठक सम्पन्न ।

**२९** नोभेम्बर: संघका अध्यक्ष शेष घलद्वारा राष्ट्रपति डा. रामवरण यादवसँग भेट । संघका गतिविधिहरू र भावी कार्ययोजनाबारे जानकारी ।

**८** डिसेम्बर: नयाँ कार्यसमितिको पहिलो अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठक ।

**२२** डिसेम्बर: संघका अध्यक्ष शेष घलेद्वारा अर्थमन्त्री शंकर कोइराला र पर्यटनमन्त्री रामकुमार श्रेष्ठसँग बेग्लाबेग्लै भेट । कर प्रणाली, आयकर छूट, लगानी, पर्यटन र अन्य सरोकारका विषयहरूमा छलफल ।

**२४** डिसेम्बर: गैरआवासीय नेपाली संघका अध्यक्ष सहितको प्रतिनिधिमण्डलले नेपाल प्रज्ञा–प्रतिष्ठानका कुलपति बैरागी काइँलासँग भेटवार्ता । दुई संस्थाबीच नेपाली साहित्य र भाषाको प्रबर्द्धनमा सहकार्यबारे छलफल ।

गैरआवासीय नेपाली सल्लाहकार बोर्डको बैठक सम्पन्न ।

नेपाल पूर्वाधार विकास कम्पनीका अध्यक्ष कुशकुमार जोशी र संघका अध्यक्ष शेष घलेबीच भेटवार्ता । काठमाडौं–हेटौंडा सुरूङमार्ग परियोजना र लगानीका बारेमा छलफल ।

**२६** डिसेम्बर: संघका अध्यक्ष शेष घलेद्वारा नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडासँग भेट । नेपालमा लगानी, उद्योग धन्दा तथा गैरआवासीय नेपालीहरूका विविध सरोकारका विषयमा छलफल ।

अध्यक्ष शेष घले र निवर्तमान अध्यक्ष जीवा लामिछानेद्वारा काठमाडौंको होटेल सोल्टीमा भेटघाट कार्यक्रमको आयोजना । कार्यक्रममा नेपालका पत्रकारहरूका साथ संघका पदाधिकारी, संरक्षक परिषद्का सदस्य, पूर्व सल्लाहकार, संघका पूर्व अध्यक्षहरूका साथै अन्य गैरआवासीय नेपालीहरूको सहभागिता । संघको भावी कार्यदिशाबारे छलफल ।

**२९** डिसेम्बर: संघका अध्यक्ष शेष घलेद्वारा शिक्षामन्त्री माधवप्रसाद पौडेलसँग भेट । गैरआवासीय नेपालीहरूको सहयोगमा सञ्चालन गरिने खुला विश्वविद्यालयका बारेमा छलफल ।

### सन् २०१४

**४** जनवरी: संघका अध्यक्ष शेष घले बेल्जियममा आयोजना गरिएको सांस्कृतिक साँझ र महिलाहरूको अन्तर्क्रिया कार्यक्रममा सहभागी ।

**५** जनवरी: गैरआवासीय नेपाली संघको पदाधिकारी समितिको पहिलो बैठक सम्पन्न ।

**११** जनवरी: संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्को ४०औं बैठक सम्पन्न । बैठकमा एनआरएन भवन, सल्लाहकारहरूको चयन, युवा उपसंयोजक, मनोनित सदस्य, क्षेत्रीय सम्मेलन तथा संघ सम्बन्धी अन्य सरोकारका विषयमा छलफल ।

# छैटौं एनआरएन विश्व सम्मेलनसँग सम्बन्धित तस्वीरहरू



**सम्मेलन उद्घाटन गर्दै राष्ट्रपति डा. रामवरण यादव ।**



राष्ट्रिय गान गाउँदै राष्ट्रपति लगायत ।



राजनीतिक दलका शीर्ष नेताहरूसँगको अन्तर्क्रिया ।




महिलाका अधिकार र चुनौती विषयक अन्तर्क्रिया ।



वैदेशिक रोजगार सम्बन्धी छलफल ।



एनआरएनए र प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा
अन्तर्राष्ट्रिय नेपाली साहित्य संगोष्ठी ।




युवाका सवालमा छलफल ।



सरकारसँग सहकार्यबारेको छलफलमा योजना आयोगका
उपाध्यक्ष लगायत ।




आर्थिक लगानी विषयक छलफल ।




विश्व सम्मेलनका अवसरमा आयोजित पत्रकार सम्मेलन ।



छैटौं विश्व सम्मेलनबाट निर्वाचित पदाधिकारी लगायत ।



अध्यक्षमा निर्वाचित भएपछि सञ्चारकर्मीमाझ शेष घले ।

**प्रधान सम्पादकः** मन केसी, गैरआवासीय नेपाली संघ, सचिवालय, टेकु, काठमाडौं, फोन नं. ९७७-०१-४२१५२४७, ४२६२२५५,
**इमेलः** nrn@nrn.org.np, contact@nrn.org.np, **वेबसाइटः** www.nrn.org.np

**सामग्री संयोजनः** सम्झना पौडेल, आउटलाइन मिडिया, काठमाडौं, नेपाल,
www.outline .com.np, E-mail: info@outline.com.np, Tel: 01- 4102103, www.onsnews.com

*गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्द्वारा प्रकाशित, यस न्युजलेटरमा प्रकाशित सामग्री, लेख तथा अन्तर्वार्ता साभार गरी पुनः प्रकाशन गर्न सकिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं ।*